जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

नयाँ वर्ष २०२५ को
शुभकामना
सन् २०२५ को पावन अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

वर्ष २६ • अंक २१६ • २०८१ साल पुस १७ गते बुधबार (1 January, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश कृषि विश्वविद्यालयको सभा स्थगन

# छानबिन समितिको प्रतिवेदन उपर नै छानबिन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश कृषि विश्वविद्यालयको सभा स्थगन भएको छ। विश्वविद्यालयको सहकुलपति समेत रहेकी मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीको अध्यक्षतामा मंगलबार बसेको सभा स्थगन भएको छ।

विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार, आमन्त्रित सदस्य समेतलाई बाहिर राखेर भएको छलफलमा मधेश प्रदेश नीति आयोगका उपाध्यक्ष सोहन कुमार साहले गराउन खोजेको निर्णयमा सभासदहरुले असहमति जनाएपछि मन्त्री तिवारीले बैठक स्थगन गरेकी थिइन्।

बैठकमा सहभागी सभासद प्रकाश यादवले जनाए अनुसार केही सदस्यले बाहिरबाट नै निर्णय लेखेर ल्याएकोमा हस्ताक्षर गर्न दबाब दिएका थिए । तर त्यसमा अध्यक्षता गरेकी मन्त्री सहितका सदस्यहरुले असहमति जनाएपछि बैठक स्थगन भएको उनले बताए।

'छानबिन समितिले दिएको प्रतिवेदनमा दोषी ठहर नगरिए पनि सभाबाट बर्खास्त गर्ने निर्णय गराउने प्रयास भएको थियो' उनले भने, तर सभासद र सहकुलपति समेतले अस्वीकार गरेकाले स्थगन भएको हो।

'छानविन समितिले दिएको प्रतिवेदन र विश्वविद्यालयका पदाधिकारीहरुले दिएको जवाफ समेतको विस्तृत छानविन गर्ने सहमति भएको छ ' उनले भने, एकतर्फी रुपमा पूर्वाग्रही भएर निर्णय लिदाँ कानुनी अड्चन आउनेमा सबै एकमत छन्।




उद्घाटनपछि सुरु भएको बैठकमा उपकुलपति र रजिष्ट्रारलाई समेत बाहिर राखेर सोहन साहले निर्णय गराउन गरेको प्रयास दुःखद भएको यादवले बताए । 'उपकुलपति सभाको सचिव भएकाले उनको समेत हस्ताक्षर बिना बैठकको निर्णय वैध हुन सक्दैन् 'उनले भने, तर पनि साहले बाहिरबाट नै निर्णय लेखेर ल्याएको कागजातमा हस्ताक्षर गराउन खोज्दा विश्वविद्यालय सभाको मर्यादा विपरीत थियो।

नीति आयोगको उपाध्यक्षको हैसियतमा उनी सदस्य छन् । साहले जनकपुर कम्युनिटी कलेज सञ्चालन गर्दै आएका छन् । मधेश कृषि विश्वविद्यालयमा सञ्चालन भइरहेकै संकाय साहको कलेजमा समेत रहेकाले विश्वविद्यालयलाई तहसनहस गरी आफ्नो कलेज सञ्चालन गर्न खोजेको उनीमाथि आरोप लाग्दै आएको छ।

कृषि विश्वविद्यालय सञ्चालनमा आएसँगै साहको कलेजमा विद्यार्थी भर्ना निकै तल झरेको थियो । प्रदेश नीति आयोगका उपाध्यक्ष भए पनि आएको बजेटमा मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयको बजेट चालु आर्थिक वर्षमा १०/१० लाख रुपैयाँ विनियोजन गरिएको छ।

यस सम्बन्धमा साहसित सम्पर्क गर्दा पहिले मन्त्रीसित कुरा गरेपछि मात्र आफूले बोल्ने बताए । उनले बैठक सम्बन्धमा कुनै प्रतिक्रिया जनाएनन्।

एकजना महिला सदस्यले जनाए अनुसार छानबिन प्रतिवेदनमा समेत उल्लेख नरहेको, महालेखा र आन्तरिक लेखाबाट बेरुजु नदेखाइए पनि त्यसलाई नै आधार बनाएर बर्खास्त गर्ने निर्णय गर्न साहले जोड दिएका थिए।

उच्चस्रोतका अनुसार मुख्यमन्त्री सतीश कुमार सिंह बैठकमा अनुपस्थित रहे पनि निर्णय गराउन टेलिफोन मार्फत दबाब बनाएका थिए।

बैठकका आमन्त्रित सदस्यहरु डा.भोगेन्द्र मिश्र, मधेश विश्वविद्यालयका उपकुलपति दीपक शाक्यलगायतले सभाले विश्वविद्यालयलाई जोगाउन प्रदेश सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका थिए।

मधेश प्रदेश सरकारको गौरवको योजना मध्येको मधेश कृषि विश्वविद्यालयले स्थापनाको ४ वर्ष भित्र आफ्नै भवन निर्माण प्रारम्भ गरेको र तेस्रो शैक्षिक सत्र चलाएको छ।

भवन निर्माणको शिलान्यास गर्न नपाएको झोँकमा जनमत पार्टीका अध्यक्ष डा.सीके राउत, शिलान्यासमा अवरोध गरेका वर्तमान मुख्यमन्त्री सिंहले विश्वविद्यालयलाई नै धराशायी बनाउन लागिपरेको आरोप लागेको छ।

विश्वविद्यालयको सम्पूर्ण आर्थिक कारोबार सरकारले रोकेको छ। कर्मचारीहरुले झण्डै ६ महिनादेखि तलब पाएका छैनन् । पठनपाठन समेत बाधित भएको छ। तर सरकारले विश्वविद्यालयको सभा गर्न नै अवरोध गरिरहेको छ । बैठकका सहभागी एकजना सदस्यका अनुसार सभा बोलाउन कम्तीमा १५ दिनको लिखित सूचना दिनुपर्ने प्रावधान रहेकाले धेरै चाँडो भए माघको पहिलो हप्ता हुनेछ।

मधेश प्रदेश सरकार विकास निर्माणको कार्यमा चासो नलिएको, प्रदेश सभाको बैठक बोलाउन उदासीन रहेको र मधेश कृषि विश्वविद्यालयका प्राध्यापक, कर्मचारीहरुलाई ६ महिनादेखि तलब सुविधा बन्द गरेको आरोप लगाउँदै जनता समाजवादी पार्टी(जसपा)नेपालले विरोध जनाएको छ।







SiddharthaBank

**प्रेस विज्ञप्ती**

"जनकपुर शाखा प्रबन्धक पक्राउ एवं कर्जा असुलीमा अनियमितता" भनी प्रकाशित समाचार सम्बन्धमा

पौष १६, २०८१ काठमाण्डौं ।

यस सिद्धार्थ बैंकको जनकपुर शाखा कार्यालयका "शाखा प्रबन्धक अर्ण बहादुर बलम्पाकी पक्राउ" एवं "बैंकबाट कर्जा असुली प्रक्रियामा अनियमितता गरेको" भनी विभिन्न संचार माध्यमहरुबाट प्रकाशित/प्रसारित समाचार प्रति यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी वास्तविकता भन्दा बाहिर गइ सम्प्रेपित समाचारले यस बैंक, बैंकका ग्राहक, सरोकारवाला एवं सर्वसाधारणमा भ्रम सिर्जना भएकोले उक्त घटनाको सम्बन्धमा सत्य तथ्य विवरण सरोकारवाला सबैको जानकारीको लागि सम्प्रेषण गर्न आवश्यक देखिएकाले यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।


यस बैंकको क्षीरेश्वर शाखा कार्यालय तथा शाखा कार्यालयबाट कर्जा उपभोग गर्नुभएका ऋणीहरुले बैंकलाई भुक्तानी गर्नुपर्ने सावाँ एवं ब्याज निर्धारित भाखा नाघेको लामो समयसम्म पनि चुक्ता भुक्तान नगरे पश्चात बैंकले पटक-पटक मौखिक एवं लिखित रुपमा पत्राचार गरेको, ३५ दिने सार्वजनिक सूचना मार्फत जानकारी गराएको, सो समयावधी भित्र समेत कर्जा राफासाफ नगर्नु भएकोले कानून बमोजिम कर्जा असुलीको थप प्रक्रिया स्वरुप धितो लिलामीको लागि दोश्रो पटक सूचना प्रकाशन गर्दा रितपुर्वक प्राप्त बोलपत्रमध्येबाट आवश्यक प्रक्रिया पुरा गरी स्वीकृत बोलपत्रदाताको नाममा दा.खा. नामसारी गरेको व्यहोरा जानकारी गराउँदछौं । यसरी बैंकले विद्यमान कानूनी प्रक्रिया एवं प्रचलित बैंकिङ्ग अभ्यासको पद्धति अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रक्रियामा असहमति जनाई ऋणी/धिताजमानतदाता समेतको संलग्नतामा मिति २०८१ साल पौष ११ गते, १२ गते तथा १४ गतेका दिन केही व्यक्तिहरुले बैंकको विद्यापति चोक, रामानन्द चोक एवं जनकपुर शाखा कार्यालयमा धर्ना दिने, नाराबाजी गर्ने लगायतका क्रियाकलाप गरि बैंक संचालनमा समेत व्यवधान खडा भएको थियो ।

बैंकले स्थानीय सुरक्षा निकायहरुसंग समन्वय गरी सो सम्बन्धमा जानकारी गराएको, सुरक्षा निकायका प्रतिनिधीहरु बैंकको जनकपुर शाखा कार्यालयमा आएपश्चात छलफल/वार्ताको लागि प्रहरी कार्यालय उपयुक्त स्थान हुने भनी सुरक्षा निकायका पदाधिकारीहरुको सुझाव बमोजिम मिति २०८१ साल पौष ११ गते बैंकको शाखा प्रबन्धक तथा कर्जा हेर्ने कर्मचारी समेत जिल्ला प्रहरी कार्यालयमा आवश्यक छलफलका लागि जाँदाको अवस्थालाई केही व्यक्तिहरुले भिडियो खिची सोही आधारमा बैंकको शाखा प्रबन्धक पक्राउ भनी भ्रामक समाचार प्रशारण/प्रकाशन भएकोमा यसमा सत्यता नभएको एवं स्वीकृत कर्जाको शर्त अनुरुप बैंकको कर्जा भुक्तान नगर्नुभएका ऋणीको प्रचलित कानूनी प्रक्रिया अवलम्बन गरेर बैंकले धितो लिलामीको प्रक्रिया सम्पन्न गरेको व्यहोरा समेत जानकारी गराउँदै यस सम्बन्धमा प्रकाशित/प्रसारित समाचारमा सत्यता नरहेको व्यहोरा जानकारी गराउँदछौं ।

बैंकले विद्यमान कानूनी/प्रक्रिया एवं प्रचलित बैंकिङ्ग अभ्यासको पद्धति अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रक्रियामा सम्बन्धित पक्षहरुलाई चित नबुझेको खण्डमा प्रचलित कानून बमोजिम सक्षम निकाय समक्ष न्यायिक उपचारका लागि जान सकिने अवस्था सदैव रहन्छ। कानूनी प्रक्रिया तर्फ नगई बैंक जस्तो संवेदनशील संस्थाको सेवा नै अवरुद्ध हुने गरी बाधा व्यवधान सिर्जना गर्नु उचित नहुने बैंकको धारणा रहेको छ। साथै, बैंक जस्तो अत्यावश्यकीय सेवा प्रदान गर्ने संस्थाको सेवा निर्वाध रुपमा संचालन हुने वातावरण निर्माणका लागि सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।

**सिद्धार्थ बैंक लिमिटेड**
**केन्द्रिय कार्यालय, नक्साल, काठमाण्डौं ।**

# देशलाई समृद्धिको मार्गमा अग्रसर गराऔँः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले श्रमको सम्मान गर्दै आर्थिक एवं भौतिक विकासको माध्यमबाट देशलाई समृद्धिको मार्गमा अग्रसर गराउनु आजको आवश्कता भएको बताउनुभएको छ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रले मंगलबार आयोजना गरेको श्रम संसद्मा उहाँले मुलुकको विकास भनेको केवल आर्थिक र भौतिक प्रगति मात्र नभइ यससँग मानवीय पक्ष पनि हो भन्नुभयो । आफूले राजनीतिक जीवनमा देशको सामाजिक एवं आर्थिक रुपान्तरणका लागि किसान र श्रमिकलाई साथमा लिएर काम गरेको स्मरण गर्नुभयो ।

"निमुखालाई न्याय अनि विपन्नलाई आय र श्रमको सम्मान गर्ने संस्कृति नै यो देशको विकासको आधार हो भन्ने विषयलाई मैले सदैव जोड दिँदै आएको छु, सफल राजनीतिक परिवर्तनपछि देशले चाहेको विकास र समृद्धिको आधार पनि हामीले यही अवधारणाको जगमा खोज्नुपर्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो ।

नेपालका श्रमजीवीहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा गरेको योगदान सराहनीय रहेको र सोही योगदानका कारण संविधानमा उचित श्रम अभ्यास, सङ्गठन गर्न पाउने स्वतन्त्रता, सामूहिक सौदाबाजी र योगदानमा आधारित सामाजिक सुरक्षालाई मौलिक हकका रुपमा समावेश गरिएको उहाँले बताउनुभयो ।

"देशमा सबैभन्दा ठूलो श्रमिकहरूको सङ्ख्या कृषि क्षेत्रमा रहेकाले मैले 'व्यावसायिक कृषि कार्यक्रम' र कृषि क्रान्तिको कुरा श्रमिकको जीवनमा क्रान्ति ल्याउनकै लागि गरेको हुँ", उहाँले भन्नुभयो । राष्ट्रपति पौडेलले प्रकृतिको दोहन र मानवीयताप्रतिको बेवास्ताले विश्वमा दिनानुदिन जलवायु परिवर्तनको जोखिम बढेकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले जलवायु परिवर्तनको असरबाट महिला श्रमिकहरू बढी प्रभावित भएका बताउनुभयो ।रासस

# गणतन्त्रलाई सुदृढ बनाउनुपर्नेमा सभापति देउवाको जोड

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गणतन्त्रलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौं जिल्ला कार्यसमितिले राष्ट्रिय मेलमिलाप दिवसका अवसरमा मंगलबार आयोजना गरेको पार्टीको सयदिने अभियानको समापन गर्दै उहाँले सबै नेपाली एकताबद्ध भएर गणतन्त्रलाई सुदृढ बनाउनु र मेलमिलाप हुनुपर्नेमा जोड दिनुभयो ।

पार्टीका नेता कृष्णप्रसाद सिटौलाले देशको आर्थिक प्रगति अहिलेको आवश्यकता भएको उल्लेख गर्दै भन्नुभयो, "आर्थिक रुपमा पछाडि परेका जनतालाई विकास मूल प्रवाहमा समाहित गर्नुपर्छ, दलित, महिलाका समस्या समाधान गरेर उनीहरुलाई पनि आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउनु नेपाली कांग्रेसको दायित्व



आजको आवश्यकता भएको बताउनुभयो ।

सभापति देउवाले राष्ट्रिय मेलमिलापको नीतिबाट प्रेरित भएर नेपाली कांग्रेस मात्र नभई सम्पूर्ण नेपाली जनता एकताबद्ध भएर राष्ट्रनिर्माणका काममा अघि बढिरहेका भन्दै यो एकता सधैँ अक्षुण्ण रहनुपर्छ भन्नुभयो ।

पूर्वप्रधानमन्त्री देउवाले गणतन्त्रलाई सफल पार्न यसविरुद्धका गतिविधि निस्तेज पार्नुपर्ने बताउनुभयो । उहाँले हिमाल, तराई, पहाड जुनसुकै स्थानका नेपालीबीच एकता हो ।" नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप नीतिअनुरुप सबै राजनीतिक दललाई एकाकार गरेर काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

नेपाली कांग्रेस काठमाडौंका सभापति सबुजकृष्ण बानियाँले पार्टीलाई गुट-उपगुटबाट मुक्त गर्नुपर्छ भन्नुभयो ।

पार्टीले काठमाडौंका एक सय ३८ वटै वडा, ११ वटै स्थानीय तह र १० वटै निर्वाचन क्षेत्रमा सयदिने अभियान सञ्चालन गरेको जानकारी उहाँले दिनुभयो ।रासस

# विदेशी पर्यटकको संख्या वृद्धि गर्न 'डिजिटल मार्केटिङ' प्रभावकारी बनाइने

काठमाण्डु । सरकारले विदेशी पर्यटकको संख्या वृद्धि गर्न अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा ' डिजिटल' बजारीकरणलाई प्रभावकारी बनाउने भएको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटक आगमन बढाउन तथा नेपालको समग्र पर्यटनलाई दिशानिर्देश गर्नेगरी सरकारले नीतिगत रुपान्तरणको काम गरिरहेको बताउनुभयो ।



नेपाल पर्यटन बोर्डको २६औं वार्षिकोत्सवमा अवसरमा यहाँ आयोजित कार्यक्रममा मन्त्री पाण्डेले पर्यटन विकासका लागि सरकारले नयाँ पर्यटन नीति तयार गरिरहेको र यसलाई चाँडै पूर्णता दिने बताउनुभयो । उहाँले पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) को अवधारणालाई आत्मसात् गर्दै अन्तर्राष्ट्रिय प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन, डिजिटल मार्केटिङलाई जोड दिन निर्देशन दिनुभयो ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२४ मा ११ लाख ४७ हजार २४ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । डिसेम्बरमा मात्रै ८९ हजार सात सय ६५ पर्यटक आएका छन् । यो आज बिहानसम्मको तथ्याङ्क हो । थप एक दिनको जोडेर यो वर्ष ११ लाख ५० हजार हाराहारीमा विदेशी पर्यटकको संख्या पुग्ने बोर्डको विश्वास छ । यसअघि सन् २०१९ मा हालसम्मकै बढी ११ लाख ९७ हजार पर्यटक आएका थिए ।

पर्यटनमन्त्री पाण्डेले नेपालको मौलिक पर्यटन उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा व्यापक प्रवर्द्धन गर्न आवश्यक रहेकामा जोड दिनुभयो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त देश भएको बताउँदै उहाँले यही विविधताका बीच एकता, सहिष्णुता र सद्भावलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु आजको आवश्यकता रहेको धारणा राख्नुभयो ।

पर्यटनराज्यमन्त्री अरुणकुमार चौधरीले पर्यटन उद्योगको विकास र विस्तारबाट नेपालको आर्थिक विकास गर्न सकिने बताउँदै यसका लागि सरोकारवाला सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो ।पर्यटन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डले बोर्डले पूर्वाधारको विकाससँगै प्रविधिको व्यापक प्रयोग, पर्यटनका लागि आवश्यक जनशक्ति विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

बोर्ड सञ्चालक समितिका सदस्य ऋषि भण्डारीले पर्यटन प्रवर्द्धनको मुख्य जिम्मेवारी बोकेको नेपाल पर्यटन बोर्ड सरोकारवाला सबैलाई साथमा लिएर गतिशील बनाउँदै लैजानुपर्ने खाँचो औँल्याउनुभयो ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पर्यटक आगमन विस्तारै लयमा फर्किंदै गएको र नेपालको पर्यटनमा आगामी दिन थप सुनौलो हुने धारणा राख्नुभयो । कोभिडपछि विश्व परिवेशमा ९७ प्रतिशत 'रिकभरी' देखिएको र सन् २०२४ मा नेपालमा ११ लाख ५० हजार हाराहारी पर्यटकले भ्रमण गरेकाले कोभिडपछि नेपालमा ९६ प्रतिशतसम्म रिकभरी देखिएको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा बोर्ड कर्मचारी सङ्गठनका अध्यक्ष कुन्दन मिश्रले संस्थाको आन्तरिक सुदृढीकरणका लागि आवश्यक नीतिगत सुधारका लागि पहल गरिदिन आग्रह गर्नुभयो । कार्यक्रममा बोर्डले प्रकाशन गरेको वार्षिक मुखपत्र 'इनफोकस'को विमोचन गर्नाका साथै वार्षिकोत्सवका अवसरमा आयोजना गरेका विभिन्न खेलकुद कार्यक्रमका विजेता तथा उपविजेतालाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।रासस

# नयाँ पर्यटन नीति जारी गर्ने तयारीमा सरकार

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले मुलुकको पर्यटन क्षेत्रको समग्र विकासका निम्ति नयाँ पर्यटन नीति जारी गर्ने तयारीमा सरकार रहेको बताउनुभएको छ। नेपाल पर्यटन बोर्डको २६ औं वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले समग्र पर्यटन उद्योगलाई दिशानिर्देश गर्नेगरी सरकारले नीतिगत व्यवस्था गर्न लागेको बताउनुभयो ।

मन्त्री पाण्डेले पर्यटन बोर्डलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) को अवधारणाअनुरुप सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । धेरैभन्दा धेरै पर्यटक आकर्षित गर्न भोलिदेखि आगामी एक दशकसम्म पर्यटन दशक मनाइने उहाँले घोषणा गर्नुभयो । "हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त छ । यही विविधता बीचको एकता, सहिष्णुता र सद्भावलाई संरक्षण गरी पर्यटन क्षेत्रको विकास गर्नु आजको आवश्यकता हो," उहाँले भन्नुभयो ।रासस

# राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाइयो

काठमाण्डु । प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला आफूमाथि आठ वटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला राष्ट्रियताका लागि जीवन अर्पण गर्न तयार भएर राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिइ स्वदेश फर्कनुभएको सम्झनामा मंगलबार मेलमिलाप दिवस मनाइएको छ ।

विसं २०३३ पुस १६ गते नेपाली कांग्रेसका संस्थापक नेतासमेत रहनुभएका कोइरालाको नेतृत्वमा सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थीलगायत नेताकार्यकर्ता राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिइ करिब आठ वर्ष लामो निर्वासित जीवन त्याग गरी स्वदेश फर्कनुभएको थियो ।

भारत निर्वासनमा रहँदा सिक्किम भारतमा विलय भएको घटना नजिकबाट हेरिरहनुभएका कोइरालासहितका नेताले राष्ट्रियता एकता तथा मेलमिलापको नीति लिइ आजभन्दा ४६ वर्षअघि स्वदेश फर्कनुभएको हो । देशको सार्वभौमसत्ता संरक्षणका लागि बिपीलगायत नेता ज्यान बाजी थापेर स्वदेश फर्कनुभएको थियो ।

विसं २०१७ पुस १ गतेको तत्कालीन राजा महेन्द्रको शाही 'कु' पछि प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालालाई करिब तीन महिना सिंहदरबारमा बन्दी बनाइएको थियो । सोही वर्ष फागुन २६ गते सुन्दरीजलस्थित नेपाली सेनाको आर्सनलका हाकिमको निवास स्थानमा पर्खालले घेरी सुन्दरीजल बन्दी गृह बनाएर



जेल स्थानान्तरण गरिएको थियो ।

आठ वर्षपछि विसं २०२५ मा उपचारका लागि बिपीलाई रिहा गरिएको थियो । रिहापछि उपचारका लागि भारत पुग्नुभएका कोइरालाले त्यहाँ निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध राजनीतिक क्रियाकलाप सुरु गर्नुभएको थियो । त्यसबेला भारतले सिक्किमलाई गाभेको, भारतबाट पाकिस्तान अलग्गिएको र एसियाका अन्य देशमा पनि विखण्डन सुरु भएको देखेर राष्ट्रियता कमजोर हुन नदिन राष्ट्रिय मेलमिलाप तथा एकताको नीति लिइ ४९ वर्षअघि आजैका दिन उहाँलगायत नेता नेपाल फर्कनुभएको हो ।

विमानबाट त्रिभुवन विमानस्थलमा ओर्लिनेबित्तिकै कोइराला, नेता गणेशमान सिंहलगायतलाई फेरि सुन्दरीजलमा लगी बन्दी बनाइएको थियो । विसं २०३४ जेठ २७ गते मिति खाली राखी उपचारपछि फिर्ता भई कारागारमा फर्कने गरी बिपी कोइरालालाई रिहा गरिएको थियो । यसपछि एक पटक सुन्दरीजल बन्दी गृह फर्काइ प्रहरी तालिम केन्द्र महाराजगञ्जमा उहाँलाई बन्दी बनाइएको थियो । चौबीस रोपनी क्षेत्रफलको बन्दीगृहलाई २०६१ भदौ २४ गते बिपी सङ्ग्रहालयमा परिणत गरिएको छ ।

सुन्दरीजलको बन्दीगृहमा बसेका बेला कोइरालाले 'श्वेतभैरवी' कथासङ्ग्रह, 'सुम्निमा', 'बाबुआमा र छोरा', 'तीन घुम्ती', 'मोदिआइन' र 'हिटलर र यहुदी' उपन्यास, 'आफ्नो कथा' (आत्मजीवनी) र जेल बस्दाको दैनिकी (पछि 'जेल जर्नल'शीर्षकमा प्रकाशित) लेख्नुभएको थियो । बन्दीगृहमा बस्नुअघि विसं २००८ मा उहाँको ' दोषी चश्मा' कथा सङ्ग्रह प्रकाशन भएको थियो । कोइराला राजनेताका साथै नेपाली आख्यानमा यौन मनोवैज्ञानिक धाराको प्रवर्त्तकका रूपमा चिनिनुहुन्छ । विसं २०३३ पुस १६ गतेको मेलमिलाप नीति लिई फर्केपछि फेरि सुन्दरीजल बन्दी गृहमा बन्दी बनाएपछि लेखिएको दैनिकी पनि 'फेरि सुन्दरीजल' नामबाट प्रकाशित भएको थियो ।

दिवसका अवसरमा मंगलबार कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले देशभर विभिन्न कार्यक्रम आयोजना गरी एकता तथा मेलमिलाप दिवस मनाउँदैछन् । कांग्रेस जिल्ला कार्यसमिति काठमाडौँले यस अवसरमा सभापति शेरबहादुर देउवाको प्रमुख आतिथ्यतामा कार्यक्रम गर्न लागेको सबुज कृष्ण बानियाँले राससलाई जानकारी दिनुभयो । यस अवसरमा बिपी सङ्ग्रहालयले पनि कार्यक्रम गर्ने जनाएको छ । प्रत्येक वर्ष मनाइने पुस १६ गतेको मेलमिलाप दिवस औपचारिकतामा मात्र केन्द्रित हुन नहुने सरोकार भएकाहरू बताउँछन् ।रासस

# चन्द नेतृत्वको नेकपाले विचार मिल्ने राजनीतिक दलसँग सहकार्य गर्ने

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टीले क्रान्तिकारी ध्रुवीकरणलाई तीव्रता दिने निर्णय गरेको छ । गत मङ्सिर २७ देखि यही पुस २ गतेसम्म कपिलवस्तुमा बसेको सो पार्टीको नवौं केन्द्रीय समितिको छैटौं पूर्ण बैठकले तत्काल विचार मिल्ने राजनीतिक दलसँग सहकार्य गर्ने निर्णय गरेको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।बैठकले पार्टीका विचार र प्रस्तावलाई स्पष्ट गर्न देशव्यापी अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरेको महासचिव नेत्रविक्रम चन्दले जानकारी दिनुभयो ।

सो पार्टीले २०८४ को निर्वाचनलाई राष्ट्रिय स्वाधीनता, उत्पीडित वर्ग, जाति, समुदाय, महिला, युवा, विद्यार्थी र नेपाली विशेषतासहितको समाजवादको पक्षमा प्रयोग गर्ने निर्णय गरेको छ । त्यसका लागि जनतालाई स्पष्ट सन्देश दिन पार्टी दर्ता गरेर उपयुक्त चुनाव चिह्न लिइने उहाँले जानकारी दिनुभयो ।उक्त पार्टीले भ्रष्टाचार, वैदेशिक हस्तक्षेप, सुकुम्बासी, मिटरब्याजलगायत



समस्या समाधानमा सरकारलाई जवाफदेही बनाउन आगामी फागुन २१ गतेदेखि झापा-कञ्चनपुर जनपरिचालन गर्ने निर्णय गरेको छ ।

बैठकले सिङ्गो मुलुकलाई आत्मनिर्भरतासहित समृद्धितर्फ अघि बढ्न नयाँ आर्थिक मार्गको विचारलाई दृढताका साथ कार्यान्वयन गर्ने, कृषि उत्पादनसहित उद्योग सञ्चालनका लागि अध्ययन अघि बढाउने, उत्पादन वृद्धि गरी काठमाडौं उपत्यकामा 'सी व्यापार केन्द्र' सञ्चालन गर्ने निर्णय गरेको महासचिव चन्दले जानकारी दिनुभयो ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ । सोचेका काम बन्नेछन् ।
वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ ।
मिथुन : साना कुराले मन अशान्त बन्नेछ ।
कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ ।
सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ ।
कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ ।
तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ ।
वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ ।
धनु : दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ
मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो ।
कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ ।
मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ स्थित सखडामा रहेको प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिर र मन्दिर परिसरमा रहेको पोखरीमा डुङ्गा सयर गर्दै आन्तरिक पर्यटक। *तस्बिर : रासस*

# सन् २०२४ मा प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि




काठमाण्डु । सन् २०२४ प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाको सवालमा चुनौतीपूर्ण वर्ष रह्यो। समाचार लेखेको तथा सूचना मागेका कारण पत्रकारमाथि धम्की दिने, गिरफ्तार र हत्या गर्नेसम्मका घटनाका कारण प्रेस स्वतन्त्रताको सवालमा यो वर्ष चुनौतीपूर्ण देखिएको तथ्याङ्क छ।

नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन शाखामा यो वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना अभिलेख भएका महासङ्घले जनाएको छ । विगतका वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटना वृद्धि भएको छ। सन् २०२३ मा प्रेस स्वतन्त्रता हननका ५८ र सन् २०२२ मा ५३ वटा घटना अभिलेख भएका थिए। यस वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना हुँदा ३४ जना पत्रकार महिला र एक सय १३ जना पुरुष पत्रकार पीडित भएका छन् भने १३ वटा सञ्चार संस्था प्रभावित भएका छन्।

**यस वर्ष प्रेस स्वतन्त्रता हननका ६० वटा घटना हुँदा ३४ जना पत्रकार महिला र एक सय १३ जना पुरुष पत्रकार पीडित भएका छन् भने १३ वटा सञ्चार संस्था प्रभावित भएका छन् ।**

राष्ट्रिय दलित पत्रकार सङ्घ, कैलालीका सहसचिव सुरेश भुलको हत्या भएको घटनाको प्रारम्भिक रिपोर्ट हेर्दा उक्त घटना लक्षित हत्या भएको देखिन्छ । समाचार लेखेकै कारण ज्यान लिनेसम्को धम्की खेपिरहेका इटहरीका पत्रकार गोपाल दाहालका सम्बन्धमा महासङ्घले मिडिया मिसन खटाउनुपर्‍यो । समाचार लेखेकै कारण राज्यको नेतृत्व तहमा रहेका तथा जनताको प्रतिनिधि भनिएकाबाट पत्रकारमाथि भएको धम्की, धरपकड तथा दुर्व्यवहारका घटना अत्यन्त निन्दनीय मात्र हैन लोकतन्त्रमाथिकै प्रहार भएको महासङ्घ ठहर छ।

सन् २०२४ मा नेपाली प्रेस जगत्ले अपेक्षाकृत प्रेससम्बन्धी कानून पाउन सकेन । लामो सयमदेखि प्रतीक्षारत मिडिया काउन्सिल विधेयकले पूर्णता पाएको छैन। यसबीचमा सरकारले सूचना प्रविधि विधेयक, सामाजिक सञ्जाल व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विधेयक ल्याउने तयारी गरिरहेको छ । महासङ्घले विगतदेखि नै सञ्चारसम्बन्धी कानुनलाई व्यवस्थित गर्न र संविधानको मर्मअनुसार कानुन निर्माण गर्न सरकारलाई आग्रह गर्दै आएको छ।

महासङ्घ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको भौतिक तथा व्यावसायिक सुरक्षामा प्रतिबद्ध रहेको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हननका घटनामा सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन महासङ्घले सरकारसँग जोडदार माग गरेको महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

साथै, महासङ्घले सरकारले ल्याउने प्रेससम्बन्धी कानुन प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता र संवैधानिक प्रावधानका आधारमा मिडियामैत्री बनाउनसमेत सरकारलाई आग्रह गरेको छ।रासस

# क्यान महासङ्घमा नयाँ नेतृत्व चयन

काठमाण्डु । कम्प्युटर एशोसिएसन अफ नेपाल महासङ्घ (क्यान महासङ्घ) मा नयाँ कार्यसमिति निर्वाचित भएको छ । यही पुस १३ गतेदेखि सुरु भएको महासङ्घको १५औँ महाधिवेशनले सुनैना घिमिरे पाण्डेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

क्यान महासङ्घले आफ्नो इतिहासमा पहिलो महिला अध्यक्ष पाएको छ । उहाँ सफ्टवेयर डेभलपमेन्ट कम्पनी जेनेरल टेक्नोलोजीकी प्रबन्ध निर्देशकसमेत हुनुहुन्छ। महासङ्घको १५औँ कार्यसमितिको उपाध्यक्षमा, हर्कबहादुर सेटी, चिरञ्जीवी अधिकारी, नवीन जोशी, शेखरनाथ दुलाल, सुभाष खड्का र सिर्जना श्रेष्ठ निर्वाचित हुनुभएको छ । महासचिवमा चन्द्रविलास भूर्तेल र कोषाध्यक्षमा विक्रमसिंह निर्वाचित हुनुभएको छ।

**महासंघको १५औं कार्यसमितिको उपाध्यक्षमा, हर्कबहादुर सेटी, चिरञ्जीवी अधिकारी, नवीन जोशी, शेखरनाथ दुलाल, सुभाष खड्का र सिर्जना श्रेष्ठ निर्वाचित हुनुभएको छ ।**

सचिवहरूमा सरिता न्यौपाने, अम्मा मालाकार, दीपक साह, सरुना श्रेष्ठ, मनिराज पाण्डे, रामकिशोर रावल र कर्णराज पनेरु चयन हुनुभएको छ । त्यस्तै कार्यकारिणी सदस्यमा उमेश रघुवंशी, ध्रुवराज शर्मा, केशवप्रसाद भट्टराई, नारायणप्रसाद श्रेष्ठ, ठाकुर कुमार श्रेष्ठ, हेमपाल श्रेष्ठ, शिला कंसाकार कार्की, दीपेन्द्र पौडेल, राजु कट्टेल, चिन्तामणि बास्तोलालगायत निर्वाचित हुनुभएको छ।

लेखासमितिको संयोजकमा भानुभक्त शर्मा र सदस्यहरूमा सन्तोष ढुङ्गाना र पूजा अग्रवाल चयन हुनुभएको छ। नवनिर्वाचित अध्यक्ष पाण्डेले आफूलाई सर्वसम्मत बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै सूचना प्रविधि क्षेत्रमा देखिएका समस्या समाधान गर्न सामूहिक प्रयत्न गरिने बताउनुभयो । उहाँले नेपाललाई सूचना प्रविधि 'हब'का रूपमा विकास गर्दै अन्तर्राष्ट्रिय गन्तव्यका रूपमा चिनाउन नीतिगत सुधारको खाँचो रहेको र यसका लागि आफूले विशेष पहल गर्ने बताउनुभयो।

नवनिर्वाचित महासचिव भूर्तेलले क्यान महासङ्घको कार्यक्षेत्र विस्तार गर्न विशेष ध्यान दिने र संस्थागत सुधारका लागि ठोस रणनीति अपनाएर लक्ष्य हासिल गर्ने प्रतिबद्धता जनाउनुभयो ।सन् १९९२ मा स्थापना भएको क्यान महासङ्घले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । सन् २०१५ मा महासङ्घमा रूपान्तरण भएपछि यस सङ्गठनले सातै प्रदेश र ७४ जिल्लामा शाखा विस्तार गरिसकेको छ। क्यानले हरेक वर्ष आयोजना गर्ने 'क्यान इन्फोटेक' नेपालको ठूलो प्रविधिसम्बन्धी प्रदर्शनीका रूपमा मानिन्छ ।रासस

# कांग्रेसको उद्योग विभागमा दश सदस्य मनोनीत

काठमाण्डु। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको उद्योग तथा व्यापार विभागमा दश सदस्य मनोनयन गर्नुभएको छ।

पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा २५ (९) बमोजिम पार्टीका केन्द्रीय सदस्य चिनकाजी श्रेष्ठ प्रमुख रहेको उक्त विभागमा दश जनालाई आज उहाँले मनोनयन गर्नुभएको हो।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार खगेश्वर बोहरा (कञ्चनपुर), मीनबहादुर भण्डारी (जुम्ला), ध्रुव खड्का (काठमाडौँ), जमसेरअलि मियाँ (कपिलवस्तु), सीताराम परियार (काभ्रेपलाञ्चोक), शम्भुहरि बाँस्तोला (सोलुखुम्बु), सञ्जीव घिमिरे (झापा), जुनु गुरुङ (लमजुङ), विजयकुमार सिंह (रौतहट) र राजीव श्रेष्ठ (काठमाडौँ)लाई मनोनयन गर्नुभएको हो।रासस

# एक सय १० जनाको 'स्क्रिनिङ' गरिँदा चार जनाको 'पोजेटिभ'




काठमाण्डु । समुदायका महिला र विद्यालयका कर्मचारीलाई पाठेघरको मुखको क्यान्सर जाँच (स्क्रिनिङ) गरी यसको प्रारम्भिक पहिचान, सचेतना तथा समयमै रोकथाममा सहयोग पुर्‍याउने ध्येयले स्वास्थ्य शिविर आयोजना गरिएको छ।

मेरीस्टोप्स इन्टरनेशनलको सहकार्यमा रोटरी क्लबसँग आबद्ध महिला समूहद्वारा तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुमा आयोजित सो शिविरमा एक सय १० महिलाको पाठेघरको मुखको क्यान्सर जाँच गरिएको थियो भने विद्यालयमा अध्ययनरत एक सय ५० छात्रालाई पाठेघरको मुखको क्यान्सरविरूद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोपको महत्व एवं सचेतना गराइएको थियो।

'भिजुअल इन्स्पेक्सन विथ एसेटिक एसिड' (भिआइए) विधिबाट स्क्रिनिङ गरिएकामध्ये चार महिलाको नतिजा पोजेटिभ देखिएको थियो। ती महिलालाई आवश्यक परामर्श दिएर क्यान्सर अस्पताल भक्तपुर एवं भरतपुर 'रेफर' गरिएको थियो।

शिविरिमा वरिष्ठ स्त्रीरोग विशेषज्ञद्वय डा कस्तुरी मल्ल र डा विमला लाखे तथा नर्सद्वय विष्णुदेवी श्रेष्ठ र कल्याणी श्रेष्ठले सेवा प्रदान गर्नुभएको थियो । शिविरले समुदायमा आधारित स्वास्थ्य पहलको महत्व र महिलाको स्वास्थ्य सुधार गर्न विशेषगरी पाठेघर मुखको क्यान्सरजस्ता स्वास्थ्य समस्यामा साझेदारीको भूमिकालाई उजागर गरेको जनाइएको छ। यस संयुक्त प्रयासले पाठेघरको क्यान्सर क्यान्सर रोकथामसम्बन्धी सचेतना वृद्धि गर्नुका साथै यसको महत्वलाई पनि जोड दिएको आयोजकले जनाएका छन्।

प्रजनन स्वास्थ्य शिविरले मेरीस्टोप्स सेन्टरले प्रदान गर्ने सेवाका बारेमा समुदायस्तरमा जानकारी बढाउन सहयोगी सावित भएको मेरीस्टोप्स इन्टरनेशनल (एमएसआई)का वरिष्ठ सल्लाहकार केपी उपाध्यायले जानकारी दिनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगको समन्वयमा मेरीस्टोप्स सेन्टरले यौन तथा प्रजनन स्वास्थ्य सेवासँग सम्बन्धित सेवा प्रदान गरिराखेको छ।

सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट जोगाउन आगामी माघ २३ गतेबाट खोप अभियान सञ्चालन गर्दैछ । पन्ध्र दिनसम्म चल्ने अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई खोप लगाइने बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमन पापिलोमा भाइरस सङ्क्रमण रहेकाले त्यसविरूद्ध खोप लगाउनुपर्ने हुन्छ।रासस

# एघार लाख ४७ हजार पर्यटक भित्रिए

काठमाण्डु। सन् २०२४ मा ११ लाख ४० हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन्। मंगलबार बिहानसम्मको तथ्याङ्कअनुसार ११ लाख ४७ हजार २४ जना नेपाल भित्रिएका नेपाल पर्यटन बोर्डले जनाएको छ।

बोर्डका निर्देशक मणिराज लामिछानेले दैनिक सरदर तीन हजार पर्यटक भ्रमणमा आएका बताउँदै सन् २०२३ को तुलनामा १४ प्रतिशतभन्दा बढीले पर्यटक आगमन बढेको जानकारी दिनुभयो। सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए। कोरोना महामारीपछि अधिक पर्यटकले नेपाल भ्रमण गरेको यो पहिलो वर्ष हो। सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन प्रायः ठप्प थियो।

राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ)को पछिल्लो छ महिनाको तथ्याङ्कअनुसार कोभिड-१९पछि नेपालको पर्यटन ९६ प्रतिशतले पुनरुत्थान भएको छ।रासस



# दुई लाख ६५ हजार किशोरीलाई एचपिभी खोप दिइँदै




झापा। कोशी प्रदेश सरकारले किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध 'ह्युमन पापिलोमा भाइरस भ्याक्सिन' (एचपीभी) खोप लगाउने तयारी पूरा भएको जनाएको छ।

स्वास्थ्य निर्देशनालय धनकुटाका खोप अधिकृत भरत भण्डारीले कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका प्रदेशका करिब दुई लाख ६५ हजार किशोरीलाई एचपिभी खोप लगाउने तयारी पूरा भएको बताउनुभयो । उहाँका अनुसार आगामी माघ २३ गतेदेखि सबै खोप केन्द्रबाट खोप सञ्चालन हुनेछ।

प्रदेशका १४ वटै जिल्लाका स्वास्थ्य प्रमुख र केही स्थानीय तहहरुलाई मङ्सिर २३ देखि २६ गतेसम्मभित्र दुई समूहमा राखेर प्रदेशस्तरको अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । खोप अधिकृत भण्डारीका अनुसार आगामी माघको ३ गतेभित्र जिल्ला स्वास्थ्य कार्यालयमार्फत सबै वडा, स्थानीय तहका स्वास्थ्यकर्मीहरुलाई बोलाएर खोप केन्द्र निर्धारण गर्ने र प्रचारलाई तीव्र बनाउन बृहत् योजनासहित अभिमुखीकरण गरिनेछ। माघ ४ देखि १२ गतेभित्रमा प्रदेशका सबै स्थानीय तहमा अभिमुखीकरण सकेर वडा तहका स्वास्थ्यकर्मीलाई खोपका लागि आवश्यक तालिम प्रदान गरिनेछ।

आगामी माघ १२ देखि १५ गतेभित्र जिल्ला खोप समन्वय समिति र सञ्चारकर्मीबीच अभिमुखीकरण गरिने र १५ देखि १८ गतेभित्रमा स्थानीय तह, वडा खोप समन्वय समिति र विद्यालय शिक्षक, स्वयम्सेविकाहरुमाझ अभिमुखीकरण कार्यक्रम तय भएको जनाइएको छ।रासस

# वैदेशिक रोजगार बचतपत्र करिब ११ प्रतिशत मात्रै बिक्री




काठमाण्डु । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जारी गरेको 'वैदेशिक रोजगार बचतपत्र-२०८६ (क)' को बिक्री निकै न्यून देखिएको छ।

गत मङ्सिर १२ गते जारी भएको रू ५० करोड बराबरको बचतपत्र आइतबार बिक्री बन्द भएको हो। यो बचतपत्र करिब ११ प्रतिशत मात्रै बिक्री भएको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी मुकुन्द पोखरेलका अनुसार वैदेशिक रोजगार बचतपत्र रू पाँच करोड ४२ लाख बराबरको बिक्री भएको छ।

कार्यालयले जारी गरेको रू दुई अर्ब बराबरको 'नागरिक बचतपत्र-२०८६ (क) भने शतप्रतिशत बिक्री भएको छ। नागरिक बचतपत्रमा सात दशमलव ५० र वैदेशिक रोजगार बचतपत्रमा आठ दशमलव ५० प्रतिशत ब्याज तोकिएको छ। बचतपत्रको ब्याज प्रत्येक छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुन्छ।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक भए पनि यसको महत्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन।

लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार, र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । जबकी लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र' को चर्चा न्यून हुने गरेको छ।

बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नयाँ वर्ष सुखद होस्

सन् २०२४ समाप्त भएर सन् २०२५ प्रारम्भ भएको छ। नेपालमा सन् २०२४ राजनीतिक क्षेत्रमा उथलपुथल वर्ष रह्यो । देशको राजनीतिलाई डोऱ्याउने संघीय गठबन्धन फेरिए। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको म्याजिक संख्याको अहंकार टुट्यो। अकल्पनीय रहेको नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन भयो । प्रचण्डलाई हटाएर एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बने । आगामी चुनाव गराउने प्रधानमन्त्रीको आशमा कांग्रेस सभापति शेरबहादुर देउवाले ओलीलाई काँध थापेका छन् । गठबन्धन भत्काएर सरकारमा पुग्ने प्रचण्ड इच्छा समाप्त भएको छैन। राजनीतिमा विश्वासको खडेरी परेको छ। भुटानी शरणार्थी प्रकरण, गिरिबन्धु टी स्टेट प्रकरण, सहकारी प्रकरण, सुन प्रकरणलगायतका घटनाहरु वर्षभरि नै चर्चामा रह्यो। देशका कयौं अर्बपति र प्रभावशाली नेताहरु भ्रष्टाचार अभियोगमा जेल परे। केही नेताको राजनीतिक अवसान नै भयो। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका पूर्व उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सहकारी संस्थाको करोडौं रुपैयाँ अपचलन गरेको अभियोगमा थुनामा छन्। उनीविरुद्ध अदालतमा मुद्दा दायर भइसकेको छ। विभिन्न सहकारी लुट्ने अभियोगमा झण्डै ५ दर्जन मानिसमाथि मुद्दा चलेको छ। कतिपय थुनामा रहेका छन्। केही धरौटी बुझाएर थुनामुक्त भएका छन् । लामिछाने सम्पत्ति शुद्धीकरणलगायतका मुद्दामा परेकाले संसदबाट निलम्बनमा परेका छन्। लामिछानेलाई जोगाउन प्रचण्ड, बाबुरामलगायतका नेताहरु अगाडि आएपनि त्यो उपलब्धिमूलक हुन सकेन । सबै प्रदेशमा सरकार फेरिएको छ । प्रदेश सरकारको प्रभावकारिताका लागि प्रहरी समायोजन, निजामती कर्मचारी ऐन लगायतको अत्यावश्यक कार्य संघीय सरकारले बेवास्ता गरेको छ। संघीय सरकार र प्रदेशबीचको तालमेल राम्रो हुन नसक्दा संघीयता कार्यान्वयन नै जटिल बन्न थालेको छ। देशको सबै संवैधानिक निकाय सन् २०२४ मा विवादमा परेको थियो। सन् २०२४ मा देशको कयौं बेथिति सार्वजनिक भयो। शीर्ष नेताहरुको सहभागिता रहेको कयौं भ्रष्टाचार उजागर भयो। नेपाली राजनीतिमा सर्वाधिक उथलपुथल वर्षको रुपमा २०२४ बित्यो। सन् २०२५ मा राजनीतिक विकृति घटोस्। सरकार सुमार्गमा अगाडि बढोस्। सबै प्रकारको विभेदको अन्त्य होस्। हिमाल, पहाड र मधेश सबै नेपाली हुन् भने भावना सबैमा जागृत होस्। संघीय सरकारले प्रदेश सरकारलाई संस्थागत र सुदृढ बनाउन इमान्दारीपूर्वक उदारता देखाओस्। नयाँ वर्ष २०२५ सबैका लागि मंगलमय होस् हाम्रो शुभकामना।

## 'ग्लोबल ग्याग' नीतिः

# नेपालमा परिवार स्वास्थ्य सेवा र सुरक्षित गर्भपतन सेवा अन्योलमा

**विष्णु नेपाल**

अमेरिकी विश्व स्वास्थ्य सहायतामा लागू हुने 'ग्लोबल ग्याग' नीति अब कसरी अगाडि बढ्ला ? नेपालमा निजी स्वास्थ्य सेवा र सुरक्षित गर्भपतन सेवामा कस्तो असर पर्ला भन्ने अन्योल अमेरिकी राष्ट्रपति पदमा डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका लागि नेतृत्व सम्हाल्दै गर्दा ट्रम्पले आफ्नो पहिलो कार्यकालमै कडा रूपमा अवलम्बन एवं विस्तार गर्नुभएको मेक्सिको सिटी पोलिसी अर्थात् 'ग्लोबल ग्याग' नीति नै लागू गर्नुहुन्छ ? पुनरावलोकन हुन्छ अथवा आफ्नो चुनावीसभामा गर्भपतनका बारेमा व्यक्त गर्नुभएका भनाइ कार्यान्वयन हुन्छ ? यो प्रश्न नेपालका लागि चासो र प्रतिक्षाको विषय बनेको छ।

'ग्लोबल ग्याग' नीतिले अमेरिकी विश्व स्वास्थ्य सहायता जारी राख्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई संस्थाको निजीस्रोत वा गैर अमेरिकी सहायताबाट सुरक्षित गर्भपतन सेवा, गर्भपतनसम्बन्धी जानकारी, प्रेषण वा सुरक्षित गर्भपतन सेवाको वैधानिकीकरण र उदारीकरण गर्न गरिने वकालतलाई निषेधित गरेको छ। यही निषेधका कारण अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसआइडी) मार्फत नेपालजस्तो देशमा आउने सहयोगमा असर पुग्ने देखिन्छ।

सो नीतिले प्रजनन् स्वास्थ्य परिवार नियोजन सम्बन्धित सेवा र कार्यक्रमलाई मात्र नभएर सुरक्षित मातृत्व र बाल स्वास्थ्य, एचआइभी/एड्सको रोकथाम र उपचारका साथसाथै अन्य कार्यक्रमलाई प्रभावित पार्ने जनाइएको छ।

तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन सरकारले सन् १९८४ मा अवलम्बन गरेको 'ग्लोबल ग्याग' नीतिले विगतमा पनि नेपालको स्वास्थ्य क्षेत्रमा गम्भीर असर पुऱ्याएको थियो। स्वास्थ्य अर्थशास्त्रीका अनुसार अब पनि असर देखिन सक्ने सरोकार भएकाहरूको भनाइ छ। नेपालको स्वास्थ्य सेवालाई सुदृढ गर्न आर्थिक एवं अन्य सहयोग गर्ने विभिन्न दातृ निकायमध्ये युएसआइडी पहिलो नम्बरमा छ।

वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा) का सहनिर्देशक डा महेश पुरीले 'ग्लोबल ग्याग' नीतिले विशेष गरेर यौन तथा प्रजनन स्वास्थ्यअन्तर्गत परिवार नियोजनको सेवा सुदृढीकरण तथा सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई विशेष प्रभाव पार्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "ट्रम्प सरकारको पहिलो कार्यकालमा 'ग्लोबल ग्याग' नीतिका कारण नेपालको स्वास्थ्य क्षेत्रमा असर परेको थियो। खासगरी प्रजनन स्वास्थ्यसित सम्बन्धित परिवार नियोजन एवं सुरक्षित गर्भपतन सेवाका केही कार्यक्रम बन्द भएका थिए।"

ग्रामीण तथा विपन्न सङ्कटासन्न समुदायमा लक्षित त्यस्ता कार्यक्रम बन्द भएपछि महिला परिवार नियोजन एवं सुरक्षित गर्भपतनसँग सम्बन्धित सेवा लिनबाट बञ्चित भएका पुरीको भनाइ छ। यसबाट विशेष गरेर यौन तथा प्रजनन स्वास्थ्यअन्तर्गत सुरक्षित गर्भपतन सेवासहित पैरवी गरिरहेका 'मेरी स्टोप्स' इन्टरनेशनल (एमएसआई) र नेपाल परिवार नियोजन सङ्घ सङ्कटमा परेका उहाँले बताउनुभयो। ती निकायले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग मिलेर दुर्गम जिल्लाका ग्रामीण क्षेत्रमा सञ्चालन गरिरहेका केही कार्यक्रम बन्द गर्न बाध्य भएका थिए।

### 'जीवन बचाउने कार्यक्रमलाई असर पर्ने छैन'

स्वास्थ्य मन्त्रालय, परिवार कल्याण महाशाखा परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख शर्मिला दाहाल पौडेलले संविधान प्रदत्त मौलिक अधिकार रूपमा रहेको प्रजनन तथा सुरक्षित मातृत्व अधिकारलाई कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "पछिल्ला वर्षमा नेपालमा प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व क्षेत्रमा उल्लेखनीय सुधार हुँदै गएका छन्। अकालमा आमा र नवजात शिशुको मृत्यु हुनेक्रम रोकिँदै छन्। यस्ता महत्वपूर्ण जीवन बचाउनेसितसम्बन्धी कार्यक्रमलाई असर पर्न दिने पक्षमा सरकार छैन।"

एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्यायले 'ग्लोबल ग्याग' नीतिका कारण नेपालमा विशेष गरेर प्रजनन स्वास्थ्य, परिवार नियोजन, सुरक्षित गर्भपतन सेवासित कार्यक्रमलाई प्रभाव पर्न जानसक्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सुरक्षित गर्भपतन सेवा, परिवार कल्याण, प्रजनन स्वास्थ्य पाउने संविधान प्रदत्त अधिकारबाट सीमान्तकृत र सङ्कटासन्न समुदाय बञ्चित हुन सक्दछन्। सेवा विमुख हुँदा ती वर्गहरू जोखिममा पर्न सक्दछन्। यसका लागि सरकार अन्य सम्बन्धित पक्षले समयमै ध्यान दिनुपर्छ। पूर्व तयारी गर्नुपर्छ।"

क्यालिफोर्निया विश्वविद्यालयले हालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनका अनुसार नेपालमा सन् २००२ मा गर्भपतनलाई कानुनी मान्यता दिए पनि गर्भपतनका लागि कानुनी सेवा पाउन योग्य धेरै महिला (विशेष गरेर गरिब, सीमान्तकृत, सङ्कटासन्न, दुर्गम क्षेत्र) गर्भपतन सेवाबाट बञ्चित रहेका छन्।

नेपाल परिवार नियोजन सङ्घका कार्यकारी निर्देशक डा प्रवीण शाक्यले विगतमा 'ग्लोबल ग्याग' नीतिका कारण सङ्घद्वारा सञ्चालित यौन तथा प्रजनन स्वास्थ्य सेवासँगसम्बन्धी कार्यक्रम तथा क्लिनिकल सेवा सञ्चालनमा समस्या आएको भए पनि अब 'ग्लोबल ग्याग' नीतिका कारण सङ्घद्वारा प्रदान भइराखेका सेवा तथा कार्यक्रम बन्द हुन नदिने बताउँदै प्रजनन स्वास्थ्यको अधिकारलाई सुदृढ गर्दै सुरक्षित गर्भपतन सेवालाई अझ व्यापक बनाउँदै लैजाने उल्लेख गर्नुभयो।



उहाँले भन्नुभयो, "सुरक्षित गर्भपतन सेवाका लागि सङ्घले विगतमा निर्वाह गरेको योगदान तथा पैरवीका कारण यसले कानुनी मान्यता पाएको हो। नेपाल परिवार नियोजन सङ्घ, नेपाल सरकार, विभिन्न दातृ निकायसँग अझ बलियो साझेदारी गर्दै सुरक्षित गर्भपतन सेवा पाउने महिलाको मौलिक अधिकारलाई अझ सुदृढ बनाउँदै उनीहरुको जीवन सुरक्षित बनाउन चाहन्छ।"

### अझै प्रभावकारी कार्यान्वयनमा आएनन् कानुन

सुरक्षित गर्भपतन सेवालाई संविधान एवं कानुनले स्पष्ट गरेको महिलाको स्वास्थ्य अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवालाई अझै प्रभावकारी बनाउन सकिएको छैन । सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय तहलाई दिएको छ। तर अझै पनि अधिकांश स्थानीय तहले सो सेवा प्रदान गर्न सकिरहेका छैनन्।

महिला विकास तथा कानुन मञ्च आबद्ध अधिवक्ता सविन श्रेष्ठले ऐन, नियमावली कार्यान्वयन पक्ष फितलो भएका कारण समस्या भएको जानकारी दिनुभयो। उहाँका अनुसार सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउन सहयोग पुग्नेगरी प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन ल्याउने मुलुकमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन्।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर ९५ हजारभन्दा बढी महिलाले गर्भपतन सेवा लिएका छन्। तीमध्ये ५७ प्रतिशत महिलाले असुरक्षित गर्भपतन गराउने गरेको तथ्याङ्क छ। महाशाखाले सुरक्षित गर्भपतनाई कानुनी मान्यता दिएपछि असुरक्षित रूपमा गरिने गर्भपतनमा केही कमी आएको जनाएको छ।

### सेवा छ, जानकारी छैन

नेपालमा सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिएको करिब २२ वर्ष पूरा भएको छ। लामो बहस एवं पैरवीका कारण विसं २०५७ मा यसले वैधानिकता प्राप्त गरेको थियो। अर्कोतर्फ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले घरदैलोमा सुरक्षित गर्भपतन सेवा सुरुआत गरे पनि यसका बारेमा सेवाग्राहीलाई जानकारी छैन। सोही कारण अनाधिकृत रूपमा औषधिको गरी गर्भपतन गराउने क्रम अझै रोकिएको छैन। दक्ष स्वास्थ्यकर्मीको सल्लाहविना सेवन गर्ने अनाधिकृत औषधिले महिलाको ज्यानसमेत जोखिममा पर्दै गएको छ भने कतिपयको अकालमा मृत्यु भएको जनाइएको छ।

सुनौलो परिवार नेपालका प्रबन्धक कुमार आचार्यले भन्नुभयो, "दक्ष स्वास्थ्यकर्मी नभएका अनाधिकृत क्लिनिकहरुले प्रदान गरेका सेवा असुरक्षित हुने भएकाले त्यस्ता क्लिनिकहरूको निरीक्षण प्रभावकारी बनाउनु जरुरी छ। सुरक्षित गर्भपतन सेवामा पहुँच वृद्धि गर्न असुरक्षित गर्भपतनलाई निरुत्साहन गर्न आवश्यक छ।" यसका लागि संस्थाले स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा तालिम एवं ११४३ हटलाइन टेलिफोन सेवा सञ्चालन गरिराखेको सुनौलो परिवारले जनाएको छ। परिवार व्यवस्थापन र सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिन सो हटलाइन सेवा अत्यन्त प्रभावकारी रहेको सुनौलो परिवारका प्रबन्धक आचार्यले उल्लेख गर्नुभयो।

सुनौलो परिवार नेपालले सन् २०२३ मा विभिन्न सहरमा रहेका आफ्ना क्लिनिकमार्फत २२ हजारभन्दा बढीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरेको थियो। नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन गराउँछन् भन्ने यकीन तथ्याङ्क सरकारी निकायसँग छैन। स्थानीय, प्रदेश तथा सङ्घीय अस्पतालसहित निजी क्षेत्रका सूचीकृत स्वास्थ्य संस्था एवं 'घरमा नै सुरक्षित गर्भपतन सेवा पाइन्छ' भन्ने जानकारीका अभावमा पनि सेवाग्राही अझै औषधि पसलमा निर्भर पर्ने गरेका जनाइएको छ।

सरकारले असुरक्षित गर्भपतनलाई अन्त्य गर्न 'महिला स्वास्थ्य स्वयंसेविका' परिचालन गरेको भनिए पनि यसको खासै प्रभावकारी कार्यान्वयन भएको देखिदैन। नेपाल परिवार नियोजन सङ्घ, उपत्यका शाखाका व्यवस्थापक शरद् अर्यालले भन्नुभयो, "गर्भपतन सेवा आवश्यक पर्नेलाई खोजी गरी आफ्नो क्लिनिकमार्फत सेवा प्रदान गरिराखेको छौं। सुरक्षित गर्भपतन सेवाअन्तर्गत क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गरिरहेका छौं।"

आवश्यक सूचना तथा जानकारीका अभावमा सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन घरदैलो सेवा प्रभावकारी हुन सकेको छैन। सरकारले विविध कारणले स्वास्थ्य सस्थामा पुग्न नसक्ने एवं पहुँच नपुग्ने विपन्न, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाई घरमा सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा प्रदान गर्न सुरुआत गरेको थियो। विशेषगरी कोरोना महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिने विसं २०७७ वैशाखदेखि घरदैलो सेवा थालनी गरिएको थियो। यसबाट परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि हुने र सुरक्षित गर्भपतन सेवासमेत निरन्तरता जारी रहने अपेक्षा लिइएको थियो।

स्वास्थ्य मन्त्रालयले घरदैलो सेवालाई सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ मा समावेश गरेको छ। मन्त्रालयले 'कोभिड-१९ महामारी प्रजनन्, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका २०७७' जारी गर्दै ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा सञ्चालन गरेको थियो।

अहिलेसम्म कतिले घरदैलो सेवा पाए भन्ने आधिकारिक तथ्याङ्क छैन। कोरोना महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेमा खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृमृत्युदर घट्ने छ। मातृ तथा बालमृत्युदरमा कमी ल्याउन परिवार नियोजनका सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१) ले मातृ मृत्युदरप्रति एक लाख जीवित जन्ममा एक सय २५ मा झार्ने अति महत्वाकाङ्क्षी लक्ष्य राखेको थियो। यसैगरी दीगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरप्रति एक हजार जीवित जन्ममा क्रमशः १२ र २० मा झार्ने लक्ष्य राखेको छ। यी लक्ष्य हासिल लगभग असम्भव देखिएको छ।

### स्वास्थ्यकर्मीद्वारा सुरक्षित गर्भपतन सेवा

निर्देशिकाले पहिलो पटक तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वीकृति प्रदान गरेको थियो। विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य संस्थामा मात्र औषधि र क्लिनिकल माध्यमबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रदान गरिँदै आइएको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ का प्रावधानअनुरुप स्वास्थ्यकर्मीलाई सो अधिकार प्रदान गरिएको हो। सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले तीनै तहका सरकारलाई ती ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयमा थप सहजीकरण गरिदिएको छ। आवश्यक जनशक्तिको अभाव देखाउँदै स्थानीय पालिकाहरुले निर्देशिकालाई प्रभावकारी कार्यान्वयन गर्न सकिरहेका छैनन्।

सुरक्षित गर्भपतन सेवाका लागि एक हजार पाँच सयभन्दा बढी स्वास्थ्य सस्था सूचीकृत भएका छन् भने चार हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ। 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ। यो दश हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ। तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिन समेत सुरुआत गरेका छन्। ग्रामीण क्षेत्रमा यो सेवा अतिप्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ।

यसैगरी १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेशन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ। १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सि अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेशन एण्ड इभ्याकुएशन (डिएण्ड) गरिन्छ। एमएसआइका वरिष्ठ सल्लाहकार केपी उपाध्यायले औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी बनाउन सेवाग्राहीलाई राम्ररी परामर्श दिनु जरुरी रहेको बताउँदै सेवापश्चात् कुनै जटिलता भएमा तुरुन्त आवश्यक सेवा प्रदान गर्ने व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो।

# बिपीको मेलमिलाप नीतिः सर्वकालीन सान्दर्भिकता



**धर्मेन्द्र झा**

देशैभरि राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाइँदैछ। मूलतः नेपाली कांग्रेसले संस्थागत रुपमा मनाउँदै आएको यो दिवस सम्पूर्ण नेपाल र नेपालीका लागि महत्वपूर्ण छ। बिपी ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किनुभएको थियो। भारतमा निर्वासनमा रहनुभएका बिपी आठ वर्षपछि नेपाली कांग्रेसका संस्थापक महानायक बिपी कोइराला स्वदेश फर्केको दिनलाई नेपाली कांग्रेसले राष्ट्रिय मेलमिलाप दिवसका रुपमा मनाउँदै आएको छ। निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र सङ्घर्षयुक्त रहे।

निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो वा अहिले पनि सान्दर्भिक र सामयिक छ। निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो, तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ। यो कुराको एक उदाहरणका रुपमा अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको सन्दर्भलाई पनि जोड्न सकिन्छ। नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालका अनुसार कार्टर राष्ट्रपति रहँदा नै उहाँले तत्कालीन राजालाई बिपीलाई जेलमुक्त गर्न आग्रह गर्नुभएको थियो। उनै कार्टरको हिजो एक सय वर्षका उमेरमा भौतिक अवसान भएको छ।

कार्टरद्वारा राजालाई गरिएको आग्रहबाट पनि तत्कालीन विश्व राजनीतिमा कति महत्वपूर्ण व्यक्तित्व हुनुहुन्थ्यो भन्ने स्पष्ट हुन्छ। मृत्युदण्डसमेत हुन सक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन। तर बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको संवर्द्धनको उद्देश्य राखी स्वदेश फर्किनुभयो। त्यसो त कांग्रेसकै केही नेताको बुझाइमा भारततर्फको प्रस्थान बिपीको आत्मनिर्वासनको निर्णयको उपज थियो। बिपी त्यसबेला भारत जानुपर्ने कुनै आन्तरिक कारण नरहेको यो तप्काको बुझाइ छ। तर यो एक विचार मात्र हो। यसको पक्षमा समर्थन जनाउनैपर्नेहरुको सङ्ख्या कांग्रेसभित्रै पनि न्यून छ। सायद त्यतिबेलाको राष्ट्रिय राजनीतिको आवश्यकता बोध गरेर बिपीबाट लिइएको एक अनिवार्य तर परिपक्व निर्णय थियो, नेपाल आगमन। जे होस, यो बहसको फरक विषय हो। निश्चित के हो भने मेलमिलापको औचित्य स्वीकार गर्दै बिपी नेपाल फर्केपछि आन्तरिक राजनीतिले नयाँ धार र दिशा लिएको भने पक्कै हो। साँच्चै हो भने आजको लोकतन्त्रसहितको नेपाल बिपीको त्यही जोखिमको परिणाम होभन्दा फरक पर्दैन।

बिपी नेपाल फर्किनुभएको कुराको कांग्रेसलगायत प्रजातान्त्रिक मूल्यमान्यतामा विश्वास गर्ने धेरैले स्वागत गरेका थिए। तर उहाँको अनुपस्थितिका कारण रिक्त स्थानको लाभ उठाउँदै टाउको उठाउन थालेको तत्कालीन कम्युनिष्टहरुले भने बिपीको स्वदेश आगमनलाई खासै रुचाएको थिएनन्। यसैगरी, बिपीको नेपाल आगमनलाई त्यसबेला राजपरिवारलाई पनि मन परेको थिएन। तर अन्तर्राष्ट्रिय राजनीतिमा बिपीको बढ्दो कदका कारण उहाँको नेपाल आगमनलाई अस्वीकार गर्नसक्ने अवस्थामा पनि राजपरिवार थिएन। बिपी नेपालबाट जाँदा र फर्कंदाको बीचमा स्थानीय राजनीतिक परिदृश्यमा निकै फरकपन आइसकेको थियो। राजा महेन्द्रको अवसान भइसकेको थियो।

राजाका रुपमा बेलायतमा पढेका वीरेन्द्र अवतरित भएका थिए। चीनको परिवर्तित राजनीतिक अवस्थाको प्रभाव नेपालमा परेको थियो। बङ्गलादेशको स्थापना र भारतमा सिक्किम विलयको प्रभावबाट पनि नेपाल अछुतो थिएन। नेपाली कांग्रेसले विगतमा प्रारम्भ गरेको सशस्त्र सङ्घर्षको औचित्यमाथि कांग्रेसभित्रै प्रश्नचिह्न उठाइरहेको थियो। विश्व असंग्लग्न आन्दोलनमा सहभागी भएर नेपाली राजतन्त्रले आफ्नो औचित्य प्रमाणितको प्रयास गरिरहेको थियो। यस्तोमा बिपीको नेपाल आगमन भएको थियो, जसले तात्विक रुपमा निकै अर्थ राख्दथ्यो। बिपी समुन्नत वा समृद्ध राष्ट्रका लागि राष्ट्रवादी र प्रजातन्त्रवादीका बीच न्यूनतम एकता र सहअस्तित्व चाहनुहुन्थ्यो।

बिपीको नेपाल आगमनको सन्दर्भलाई आजको अवस्थामा नयाँ ढङ्गले विश्लेषण गरिनु आवश्यक छ। माथि उल्लिखित पृष्ठभूमिका केही कारक अवस्था हुन्, जसको विश्लेषण गरिनु जरुरी छ र यसै आलोकमा बिपीको नेपाल आगमन र राष्ट्रिय मेलमिलापको नीतिलाई बुझ्नु जरुरी छ। अर्को कुरा, बिपीको अनुपस्थितिमा नेपाली राजनीतिले बिपी र कांग्रेसबिनाको एक नयाँ 'कोर्स' तय गर्ने प्रयास त गरिरहेको थियो नै सँगै निर्वासित भूमिका जिम्मेवारसँग बिपीको दूरी बढिरहेको आकलन त्यसबेला गरिएको थियो। जवाहरलाल नेहरुपुत्री इन्दिरा गान्धी सन् १९७५ को सङ्कटकालमार्फत निकै शक्तिशाली बनेको अवस्था थियो। विमान अपहरणको आरोपमा दुर्गा सुवेदी र सुशील कोइरालालाई भारत सरकारले पक्राउ गरेको थियो। यस्तो अवस्थामा सायद बिपीलाई भारतमा रहिरहँदा आफ्नो राजनीतिमा बाह्य निगरानी र नियन्त्रण बढ्नसक्ने सम्भावनाले पनि गाँजेको हुनसक्छ।

बिपी नेपालका पूर्वप्रधानमन्त्री र नेपाली कांग्रेसका सभापति हुनुहुन्थ्यो। यसर्थ उहाँको नेपाल आगमनलाई किन अस्वाभाविक मान्ने भन्ने प्रश्न गर्न सकिन्छ तर नेपालको आन्तरिक राजनीतिक कारणले निर्वासनमा रहेकाले बिपीले नेपाल आगमन हेतु त्यही समय किन रोजे भन्ने प्रश्न महत्वपूर्ण छ। यस सन्दर्भमा माथिका आधारमा विश्लेषण गर्ने हो भने नेपाल आगमनको त्यो समयलाई बिपीले रणनीतिक हिसाबले प्रयोग गरेको रुपमा बुझ्न सकिन्छ। त्यसबेला राष्ट्रिय राजनीतिका सन्दर्भमा सम्भवतः बिपीका सामु तीन/चार अवस्था विश्लेषणयोग्य थिए।

बेलायतमा अध्ययन गरेका राजा वीरेन्द्रको उदय भइसकेको थियो, जो तुलनात्मक रुपमा प्रजातन्त्रमा विश्वास गर्दथे भन्ने विश्वास गर्न थालिएको थियो। अतः नयाँ राजासँग सम्बन्ध सुधार गरी नेपालमा प्रजातन्त्र स्थापना र राष्ट्रियता प्रवर्द्धनको सङ्घर्षको नयाँ अध्याय प्रारम्भ गर्न सकिन्थ्यो भन्ने विश्वासका आधारमा बिपीले नेपाल आउने निर्णय गर्नुभएको हुनसक्छ। उहाँको मेलमिलाप नीतिको विश्लेषण गर्ने हो भने यो राजा लक्षित थियो भन्न सकिन्छ। जो स्वाभाविक पनि थियो। राजाले राष्ट्रवादी धारको नेतृत्व गर्छन् भन्ने विश्वासका आधारमा प्रजातन्त्रको नेतृत्व गर्ने बिपीले राजासँग मिलेर नेपालमा नयाँ राजनीतिक अभियान सुरु गर्न सकिने संयन्त्रका रुपमा मेलमिलाप नीतिलाई लिनुभएको हुनसक्छ। उहाँले राष्ट्रियता संरक्षणको कुरा उठाउँदै राजाको घाँटी र आफ्नो घाँटी जोडिएको उल्लेख गरेबाट पनि उहाँको रणनीतिक सोचको विश्लेषण गर्न सकिन्छ।

यस्तै, आफ्नो अनुपस्थितिका कारण निर्माण भएको रिक्तताको अवस्थामा टाउको उठाउन थालेको कम्युनिष्ट प्रभावलाई रोक्न जरुरी रहेको उहाँको मान्यता हुनसक्छ। प्रजातान्त्रिक आन्दोलन कमजोर हुँदा कम्युनिष्ट आन्दोलन फस्टाउन सक्थ्यो र शीतयुद्धकालीन विश्वमा नेपाल कुनै खास खेमामा आबद्ध हुनसक्ने सम्भावनाको अन्त्य गर्न पनि बिपीले नेपाल आगमनलाई उपयुक्त मानेको हुनसक्छ। यसैगरी, मूलधारबाट धेरै समय टाढा रहँदा राष्ट्रिय राजनीतिमा आफ्नो प्रभाव कमजोर हुनसक्थ्यो र नेपाली कांग्रेसमाथिको आफ्नो पारम्परिक नियन्त्रण र प्रभाव नै पनि समस्यामा पर्न सक्ने सम्भावनाका आधारमा पनि बिपीले नेपाल फर्कने निर्णय गर्नुभएको हुनसक्छ। यी केही यस्ता आधार थिए, जसले बिपीलाई त्यही समयमा नेपाल फर्कन प्रेरित गरेको हुनसक्छ। यस क्रममा धेरै कुरा अहिलेसम्म अनुमानमा आधारित नै छन् किनभने बिपी स्वयंले यस विषयमा विस्तारमा धेरै चर्चा गर्नुभएको छैन।

जे होस् तत्कालीन राष्ट्रिय राजनीतिमा बिपीको मेलमिलाप नीतिको सकारात्मक प्रभाव परेको थियो। सबैभन्दा महत्वपूर्ण कुरा बिपी स्वदेश फर्केपछि आमजनतामा नयाँ आशाको सञ्चार भएको थियो भने कांग्रेसले नै पनि नयाँ रुप प्राप्त गर्ने प्रयासको प्रारम्भ भएको थियो। वैचारिक दृष्टिले कांग्रेस तुलनात्मक रुपमा केही परिपक्व भएको अनुभव गरिएको थियो।

मुलुकको राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण मुलुक निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ। प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन सङ्घर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेको दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ। राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उहाँको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ। राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ। यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार पनि तयार पार्छ।

आज नेपालमा राजतन्त्र छैन। कम्युनिष्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन। कांग्रेसको नेतृत्व कोइराला परिवारभन्दा बाहिर गएको छ। विश्वमा असंग्लग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन। यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ। बरु हिजोभन्दा आज यो नीति अझै सान्दर्भिक र महत्वपूर्ण ठहरिएको छ। हाल देशले विभिन्न नाममा राजनीतिक निकास नपाइरहेको अवस्थामा यो नीतिको उपयोगले सार्थक परिणाम सिर्जना गर्नसक्ने सम्भावनाको अपेक्षा गर्न सकिन्छ। (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०९/१७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## तपसिल

क.सं. | ऋणीको विवरण

### १. नाम : ललिता देवी
पतिको नाम : उपेन्द्र साह, ससुराको नाम : रामखेलावन साह
ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा
ना.प्र.प.नं. : ७६४८५३४५, जि.प्र.का. धनुषा, जारी मिति : २०५७/१०/०४
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दीपक कुमार साह**
बाबुको नाम : उपेन्द्र साह
बाजेको नाम : रामखेलावन साह
ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा
ना.प्र.प.नं. : १७१०५८/३२६
जि.प्र.का. धनुषा
जारी मिति : २०६९/०२/२४

**२. नाम : उपेन्द्र साह**
बाबुको नाम : रामखेलावन साह
बाजेको नाम : शिवनाथ साह
ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा
ना.प्र.प.नं. : ३५४८१९०४
जि.प्र.का. धनुषा
जारी मिति : २०४४/०३/०८

**३. नाम : जय प्रकाश साह**
बाबुको नाम : उपेन्द्र साह
बाजेको नाम : रामखेलावन साह
ठेगाना : हंसपुरकठपुल्ला - ३, धनुषा
ना.प्र.प.नं. : १७-०१-७४-०७८६८
जि.प्र.का. धनुषा
जारी मिति : २०७४/०७/१२

**४. नाम : पुजा साह**
बाबुको नाम : उपेन्द्र साह
बाजेको नाम : रामखेलावन साह
ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा
ना.प्र.प.नं. : १७-०१-७२-०८५०७
जि.प्र.का. धनुषा
जारी मिति : २०७२/११/१४

**धितोको विवरण**

उपेन्द्र साहको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको वेंगाशिवपुर - ७ ख, धनुषा स्थित कित्ता नं. ४४८ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### २. नाम : साकार एग्रो नेपाल प्रा.लि.
दर्ता नं. : २५६९३७/०७७/०७८, दर्ता मिति : २०७७/११/१२
रजिष्टर्ड कार्यालय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : सन्तोष साह**

**नाम : सन्तोष साह**
बाबुको नाम : कपलेश्वर साह सुडी, बाजेको नाम : जुगे साह सुडी
ठेगाना : भाक्राहा -७, सिरहा, हाल : कल्याणपुर -१, सिरहा
ना.प्र.प.नं. : १५१०६४/२३५०, जि.प्र.का. सिरहा, जारी मिति : २०६६/११/२७
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : सन्तोष साह**
बाबुको नाम : कपलेश्वर साह सुडी
बाजेको नाम : जुगे साह सुडी
ठेगाना : भोकाहा - ७, सिरहा
हाल : कल्यानपुर - १, सिरहा
ना.प्र.प.नं. : १५१०६४/२३५०
जि.प्र.का. सिरहा
जारी मिति : २०६६/११/२७

**२. नाम : कपलेश्वर साह सुडी**
बाबुको नाम : जुगे साह सुडी
बाजेको नाम : मुनर साह सुडी
ठेगाना : निर्दना - ७, सिरहा
हाल : कल्याणपुर - १, सिरहा
ना.प्र.प.नं. : २०८३१०१३
जि.प्र.का. सिरहा
जारी मिति : २०३५/०८/०४

**३. नाम : निशा साह**
पतिको नाम : सन्तोष साह, ससुराको नाम : कपलेश्वर साह सुडी
ठेगाना : भोक्राहा - ४, सिरहा, हाल : कल्याणपुर - १, सिरहा
ना.प्र.प.नं. : १५१०६४/१९०६३, जि.प्र.का. सिरहा, जारी मिति : २०६८/१०/२२

**धितोको विवरण**

१. कपलेश्वर साह सुडीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता रहेको बिष्णुपुर प्र.रा. - ७, सिरहा स्थित कित्ता नं. ३२६८ को क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. सन्तोष साहको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको असनपुर -६, सिरहा स्थित कित्ता नं. ११६० को क्षेत्रफल ०-०-९-० (विघा) र मालपोत कार्यालय सिराहामा दर्ता रहेको विष्णुपुर प्र.रा. -८, सिरहा स्थित कित्ता नं. ३२३२ को क्षेत्रफल ०-२-७-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ३. नाम : गौतम बस्त्रालय
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट
दर्ता नं. : ५६५८/४०७, दर्ता मिति : २०७४/०९/१३
रजिष्टर्ड कार्यालय : गौर, रौतहट
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : भागरीत साह**
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : भागरीत साह**
बाबुको नाम : काशीनराथण साह
बाजेको नाम : मुनी साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : २१४४
जि.प्र.का. रौतहट
जारी मिति : २०५५/१०/२१

**२. नाम : किरन देवी साह**
पतिको नाम : भागरीत साह
ससुरोको नाम : काशीनराथण साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ०३२३०९२/७१२
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/११/१६

**३. नाम : संगीता देवी साह**
पतिको नाम : धर्मेन्द्र कुमारसाह
ससुरोको नामः काशीनराथण साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ३२१०९०/७८७
जि.प्र.का. रौतहट
जारी मिति : २०६८/०४/०३

**४. नाम : तेतरी देवी कानु**
पतिको नाम : काशीनराथण साह
ससुरोको नाम : मुनी साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ६३१
जि.प्र.का. रौतहट
जारी मिति : २०४५/०१/०८

**५. नाम : धर्मेन्द्र कुमारसाह**
बाबुको नाम : काशीनराथण साह
बाजेको नाम : मुनी साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ३२/१२४
जि.प्र.का. रौतहट
जारी मिति : २०६१/०४/१७

**६. नाम : विवेकानन्द साह**
बाबुको नाम : काशीनराथण साह
बाजेको नाम : मुनी साह
ठेगाना : संग्रामपुर - ४,रौतहट
हाल : गढीमाइ - ४, रौतहट
ना.प्र.प.नं. : ०३२३०९२/९०२
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/११/१७

**धितोको विवरण**

किरन देवी साहको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको रधुनाथपुर - ३, रौतहट स्थित कित्ता नं. ८१९ र ८९३ को क्षेत्रफल क्रमशः ०-३-१४ र ०-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण**

### ४. नाम : दिनेश कुमार यादव
बाबुको नाम : ध्यानी यादव
बाजेको नाम : सुबोध यादव
ठेगाना : नरहा - १, सिरहा
हाल : नरहा - ५, सिरहा
ना.प्र.प.नं. : ८८९३०४५
जि.प्र.का. सिरहा
जारी मिति : २०५९/०८/१७
**शाखा कार्यालय : लहान**

**नाम : सविता कुमारी यादव**
पतिको नाम : दिनेश कुमार यादव
ससुराको नाम : ध्यानी यादव
ठेगाना : नरहा - १, सिरहा
हाल : नरहा - ५, सिरहा
ना.प्र.प.नं. : १५१०७३/१८३३३
जि.प्र.का. सिरहा
जारी मिति : २०६८/०९/२२

**धितोको विवरण**

सविता कुमारी यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता रहेको नरहा - १, सिरहा स्थित कित्ता नं. ३४५२ को क्षेत्रफल ०-१-११-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं. | ऋणीको विवरण

### ५. नाम : मो. नईम मियाँ
बाबुको नाम : भगला मिया, बाजेको नाम : गोदेल
ठेगाना : लहान - ९, सिरहा,
ना.प्र.प.नं. : ४३७३/८२९, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०५/१४
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : गुलसन खातुन**
पतिको नाम : मो. नईम मियाँ
ससुराको नाम : भगला मिया
ठेगाना : लहान -९, सिरहा
ना.प्र.प.नं. : १५२००५/५
जि.प्र.का. सिरहा
जारी मिति : २०६६/०८/२४

**२. नाम : मोहमद रमिज**
बाबुको नाम : मो. नईम मियाँ
बाजेको नाम : भगला मिया
ठेगाना : लहान -९, सिरह
ना.प्र.प.नं. : १५-०२-७७-०१६८२
जि.प्र.का. सिरहा
जारी मिति : २०७७/०८/१५

**धितोको विवरण**

मो. नईम मियाँको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको लहान गोठ -३, सिरहा स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-१-१३-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ६. नाम : मीना देवी
पति : राम प्रवेश साह तेली, ससुरा : राम प्रसाद साह तेली
ठेगाना : वगही - ५, रौतहट, हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ४६४०, जि.प्र.का. रौतहट, जारी मिति : २०६४/०१/०९
**शाखा कार्यालय : . गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राम प्रसाद साह तेली**
बाबुको नाम : लक्ष्मी साह तेली
बाजेको नाम : रैदी साह तेली
ठेगाना : कटहरीया - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ४४९
जि.प्र.का. रौतहट
जारी मिति : २०३५/०५/०५

**२. नाम : राम प्रवेश साह तेली**
बाबुको नाम : राम प्रसाद साह तेली
बाजेको नाम : लक्ष्मी साह तेली
ठेगाना : कटहरीया - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : १०६
जि.प्र.का. रौतहट
जारी मिति : २०६०/०५/१३

**३. नाम : विजय कुमार साह**
बाबुको नाम : राम प्रसाद साह तेली
बाजेको नाम : लक्ष्मी साह तेली
ठेगाना : कटहरीया - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ४६६५
जि.प्र.का. रौतहट
जारी मिति : २०६४/०१/०९

**४. नाम : बोधनारायण साह**
बाबुको नाम : राम प्रसाद साह तेली
बाजेको नाम : लक्ष्मी साह तेली
ठेगाना : कटहरीया - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०१-६९-०१४९७
जि.प्र.का. रौतहट
जारी मिति : २०६९/०१/२६

**५. नाम : रामइश्वर साह तेली**
बाबुको नाम : राम प्रसाद साह तेली
बाजेको नाम : लक्ष्मी साह तेली
ठेगाना : कटहरीया - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०१-६९-०१४९८
जि.प्र.का. रौतहट,
जारी मिति : २०६९/०१/२६

**६. नाम : पिंकी देवी साह**
पतिको नाम : बोधनारायण साह
ससुराको नाम : राम प्रसाद साह तेली
ठेगाना : बगही - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७४-१०६७०
जि.प्र.का. रौतहट
जारी मिति : २०७४/१२/०६

**७. नाम : ललीता देवी**
पतिको नाम : विजय कुमार साह
ससुराको नाम : राम प्रसाद साह तेली
ठेगाना : बगही - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ४६५५
जि.प्र.का. रौतहट
जारी मिति : २०६४/०१/०९

**८. नाम : चमेलीया देवी**
पतिको नाम : राम प्रसाद साह तेली
ससुराको नाम : लक्ष्मी साह तेली
ठेगाना : बगही - ५, रौतहट
हाल : कटहरीया - ७, रौतहट
ना.प्र.प.नं. : ७४८४
जि.प्र.का. रौतहट
जारी मिति : २०४५/०२/०९

**धितोको विवरण**

राम प्रसाद साह तेलीको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको बगही - ५ ख र २ क, रौतहट स्थित कित्ता नं. ८४९, ८४५, ८४७ र ६८० को क्षेत्रफल क्रमशः ०-२-७१/२, ०-३-०, ०-१-५ र ०-१-२१/२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ७. नाम : रविन्द्र कुमार राय
बाबुको नाम : परमेश्वर राय अमात, बाजेको नाम : धनी राय अमात
ठेगाना : भवानीपुर प्र.ध.-१, सिरहा, हाल : धनगढीमाई -२, सिरहा
ना.प्र.प.नं. : १४५, जि.प्र.का. सिरहा, जारी मिति : २०५९/०३/१०
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : उर्मिला देवी राय अमात**
पतिको नाम : परमेश्वर राय अमात
ससुराको नाम : धनी राय अमात
ठेगाना : भवानीपुर प्र.ध.-१, सिरहा,
हाल : धनगढीमाई -२, सिरहा
ना.प्र.प.नं. : १/८८
जि.प्र.का. सिरहा
जारी मिति : २०४६/०३/१५

**२. नाम : लक्ष्मी कुमारी राय**
पतिको नाम : रविन्द्र कुमार राय
ससुराको नाम : परमेश्वर राय अमात
ठेगाना : लहान -६, सिरहा
हाल : धनगढीमाई -२, सिरहा
ना.प्र.प.नं. : ५२६०९९७४/१३०९६
जि.प्र.का. सिरहा
जारी मिति : २०६३/०४/०३

**३. नाम : नरेन्द्र राय**
बाबुको नाम : परमेश्वर राय अमात
बाजेको नाम : धनी राय अमात
ठेगाना : भवानीपुर प्र.ध.-१, सिरहा,
हाल : धनगढीमाई -२, सिरहा
ना.प्र.प.नं. : १५-०१-७१-०१९३९
जि.प्र.का. सिरहा
जारी मिति : २०७१/०३/१०

**४. नाम : परमेश्वर राय अमात**
बाबुको नाम : धनी राय अमात
बाजेको नाम : श्याम राय
ठेगाना : भवानीपुर प्र.ध.-१, सिरहा,
हाल : धनगढीमाई -२, सिरहा
ना.प्र.प.नं. : १३५४०१२२
जि.प्र.का. सिरहा
जारी मिति : २०४५/०१/१८

**धितोको विवरण**

लक्ष्मी कुमारी रायको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको भवानीपुर प्र.ध. -१, सिरहा स्थित कित्ता नं. ४९४ र ५९७ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-०-८-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### ८. नाम : श्रृष्टि सिलाई कटाई लघु उद्योग
दर्ता नं.: ४५४, दर्ता मिति : २०७६/०२/२०
रजिष्टर्ड कार्यालय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग लहान, सिरहा
**संचालक/शेयरधनी/प्रोप्राइटर : विमला कुमारी चौधरी, शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : विमला कुमारी चौधरी**
पतिको नाम : हेम संकर चौधरी
ससुराको नामः अछुतानन्द चौधरी
ठेगाना : पटेर्वा -९, सप्तरी
हाल : लहान -१५, सिरहा
ना.प्र.प.नं. : ३६०६/१७००
जि.प्र.का. सप्तरी
जारी मिति : २०५३/०९/०८

**२. नाम : हेम संकर चौधरी**
बाबुको नाम : अछुतानन्द चौधरी
बाजेको नाम : पवन चौधरी
ठेगाना : ढोढना -८, सिरहा
हाल : लहान - १५, सिरहा
ना.प्र.प.नं. : ४०६, जि.प्र.का. सिरहा
जारी मिति : २०४७/०७/१८

**धितोको विवरण**

विमला कुमारी चौधरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको ढोढना -३, सिरहा स्थित कित्ता नं. ७०१ र ७०३ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-३-०-० (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं. | ऋणीको विवरण

### ९. नाम : हरेराम ठाकुर
बाबुको नाम : रामपृत ठाकुर, बाजेको नाम : अनुप ठाकुर
ठेगाना : मधुपट्टी - ५, सप्तरी, हाल : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६३०९६/४०४, जि.प्र.का. सप्तरी, जारी मिति : २०६३/११/०८
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : रामपृत ठाकुर**
बाबुको नाम : अनुप ठाकुर
बाजेको नाम : भिखारी ठाकुर
ठेगाना : मधुपट्टी - ९, सप्तरी
हाल : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : ५६६३१५२१
जि.प्र.का. सप्तरी
जारी मिति : २०४४/०७/०१

**२. नाम : कमली देवी ठाकुर**
पतिको नाम : रामपृत ठाकुर
ससुराको नामः अनुप ठाकुर
ठेगाना : मधुपट्टी - ५, सप्तरी
हाल : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६३०९६/४१३
जि.प्र.का. सप्तरी
जारी मिति : २०६३/११/०८

**३. नाम : रम्भा कुमारी ठाकुर**
पतिको नाम : हरेराम ठाकुर
ससुराको नाम : रामपृत ठाकुर
ठेगाना : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७५-०९५३४
जि.प्र.का. सप्तरी
जारी मिति : २०७५/१०/११

**४. नाम : सियाराम ठाकुर**
बाबुको नाम : रामपृत ठाकुर
बाजेको नाम : अनुप ठाकुर
ठेगाना : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७९-०२३४४
जि.प्र.का. सप्तरी
जारी मिति : २०७९/०३/०७

**धितोको विवरण**

हरेराम ठाकुरको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता कायम रहेको मधुपट्टी - ५, सप्तरी स्थित कि.नं. १२१ को क्षेत्रफल ०-८-२-० (विघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### १०. नाम : तिलिया देवी यादव
पतिको नाम : उमेश यादव, ससुराको नाम : राम प्रसाद यादव
ठेगाना : पकरी - ५, सप्तरी, हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : १६१०४०/१८६, जि.प्र.का. सप्तरी
जारी मिति : २०६६/११/२५, **शाखा कार्यालय : रुपनी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राम प्रसाद यादव**
बाबुको नाम : अनुप यादव
बाजेको नाम : रुप लाल यादव
ठेगाना : पकरी - ७, सप्तरी
हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : ००२०४४१
जि.प्र.का. सप्तरी
जारी मिति : २०४४/०१/२४

**२. नाम : किसनी देवी**
पतिको नाम : राम प्रसाद यादव
ससुराको नामः अनुप यादव
ठेगाना : पकरी - ७, सप्तरी
हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : ००२०२०७४
जि.प्र.का. सप्तरी
जारी मिति : २०४४/०९/२४

**३. नाम : उमेश यादव**
बाबुको नाम : राम प्रसाद यादव, बाजेको नाम : अनुप यादव
ठेगाना : पकरी - ५, सप्तरी, हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : ६१७७, जि.प्र.का. सप्तरी, जारी मिति : २०६२/०३/०३

**धितोको विवरण**

तिलिया देवी यादवको नाममा मालपोत कार्यालय राजबिराजमा दर्ता रहेको दिधवा -४/४, सप्तरी स्थित कित्ता नं. ५३८ को क्षेत्रफल ०-०-१५-० (विघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

### ११. नाम : हरसिका कस्मेटीक एण्ड फैन्सी स्टोर्स
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर धनुषा
दर्ता नं. : १५०४८/१८२८/२०७६/०७७, दर्ता मिति : २०७६/११/२२
ठेगाना : गणेशमान चारनाथ - २, धनुषा
**प्रोप्राईटर : सोशिला कुमारी धामी, शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दिलिप कुमार अधिकारी**
बाबुको नाम : रामसेवक अधिकारी
बाजेको नाम : राणा अधिकारी
ठेगाना : भरतपुर - ७, धनुषा
हाल : गणेशमान चारनाथ - २, धनुषा
ना.प्र.प.नं. : १७१०४५/२०
जि.प्र.का. धनुषा
जारी मिति : २०६४/०२/१७

**२. नाम : सोशिला कुमारी धामी**
पतिको नाम : दिलिप कुमारी अधिकारी
ससुराको नाम : रामसेवक अधिकारी
ठेगाना : गणेशमान चारनाथ - २, धनुषा
ना.प्र.प.नं. : १७-०१-७३-००९३०
जि.प्र.का. धनुषा
जारी मिति : २०७३/०१/२२

**३. नाम : राम सेवक अधिकारी**
बाबुको नाम : राणा अधिकारी, बाजेको नाम : सन्त अधिकारी
ठेगाना : भरतपुर - ७, धनुषा, हाल : गणेशमान चारनाथ - २, धनुषा
ना.प्र.प.नं. : १७३०४४/१८०२, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/११

**धितोको विवरण**

सोशिला कुमारी धामीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ७ क, धनुषा स्थित कित्ता नं. ४०८, ४०९ र ४१२ को क्षेत्रफल क्रमशः ०-०-४-८, ०-०-११-१२ र ०-०-३-० (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १२. नाम : रास लाल साह
बाबुको नाम : खुसिलाल साह, बाजेको नाम : सुनर साह
ठेगाना : कबिलासा - ६, सप्तरी, हाल : रुपनी - १, सप्तरी
ना.प्र.प.नं.: ४०५५, जि.प्र.का. सप्तरी, जारी मिति : २०५६/१२/२३
**शाखा कार्यालय : रुपनी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : संजय कुमार साह**
बाबुको नाम : रास लाल साह
बाजेको नाम : खुसिलाल साह
ठेगाना : डाक्नेश्वरी - १, सप्तरी
हाल : रुपनी - १, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७४-०२७७५
जि.प्र.का. सप्तरी
जारी मिति : २०७४/०३/२१

**२. नाम : अन्जु कमारी साह**
पतिको नाम : रास लाल साह
ससुराको नाम : खुसिलाल साह
ठेगाना : कबिलासा - ६, सप्तरी
हाल : रुपनी - १, सप्तरी
ना.प्र.प.नं.: ४५७०, जि.प्र.का. सप्तरी
जारी मिति : २०६१/०९/०४

**धितोको विवरण**

अन्जु कमारी साहको नाममा मालपोत कार्यालय राजबिराजमा दर्ता रहेको खोक्सारप्रवाह - ३/३ क, सप्तरी स्थित कित्ता नं. ६०६, ६६९, ८२७ र ४३२ को क्षेत्रफल क्रमशः ०-०-०.७५-०, ०-०-२.५-०, ०-०-३.७५-० र ०-०-१२ (बिघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण**

### १३. नाम : निर्माला देवी
पतिको नाम : राज देव साह
ससुराको नाम : रधुनाथ साह तेली
ठेगाना : महम्दपुर - ४, रौतहट
हाल : गरुडा - ५, रौतहट
ना.प्र.प.नं. : ३२३०/७६३, जि.प्र.का. रौतहट
जारी मिति : २०६३/११/३०
**शाखा कार्यालय : गरुडा**

**नाम : राजदेव साह**
बाबुको नाम : रधुनाथ साह तेली
बाजेको नाम : श्री राम साह तेली
ठेगाना : महम्दपुर - ४, रौतहट
हाल : गरुडा - ५, रौतहट
ना.प्र.प.नं. : १३३८
जि.प्र.का. रौतहट
जारी मिति : २०६०/०७/०४

**धितोको विवरण**

निर्माला देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता रहेको रंगपुर - ५ ध रौतहट स्थित कित्ता नं. २९४ र २९५ को क्षेत्रफल क्रमशः ०-१-० र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

क.सं. | ऋणीको विवरण

### १४. नाम : विना कुमारी चौधरी
पतिको नाम : दाना लाल चौधरी, ससुराको नाम : भुलाई
ठेगाना : मधुपट्टी - ४, सप्तरी, हाल : लहान - ९, सिरहा
ना.प्र.प.नं. : ५६६३१८०३/७४४, जि.प्र.का. सप्तरी, जारी मिति : २०४६/०१/१७
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दाना लाल चौधरी**
बाबुको नाम : भुलाई
बाजेको नाम : हिराई चौधरी
ठेगाना : लहान - ९, सिरहा
ना.प्र.प.नं. : ५३७७/४४९१
जि.प्र.का. सिरहा
जारी मिति : २०४५/०२/१२, सिरहा

**२. नाम : दिपेन्द्र प्रसाद चौधरी**
बाबुको नाम : दाना लाल चौधरी
बाजेको नाम : भुलाई
ठेगाना : लहान - ९, सिरहा
ना.प्र.प.नं. : १५-०२-७६-०१२६६
जि.प्र.का. सिरहा
जारी मिति : २०७६/०३/२४

**धितोको विवरण**

विना कुमारी चौधरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको भदैया - ५, सिरहा स्थित कित्ता नं. ३१७, ३१८, ३२१, ३२३, ३२४, ३२५ र ३२६ को क्षेत्रफल क्रमशः ०-६-०-०, ०-५-८-०, ०-३-५-०, ०-३-१-०, ०-३-५-०, ०-२-७-० र ०-६-६-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १५. नाम : दुर्गानन्द चौधरी
बाबुको नाम : महेन्द्र चौधरी, बाजेको नाम : लक्ष्मी चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा, हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : ३९५८/२३०, जि.प्र.का. सिरहा जारी मिति : २०५९/१२/१०
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : महेन्द्र चौधरी**
बाबुको नाम : लक्ष्मी चौधरी
बाजेको नाम : महाविर चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : ७७०६/१२०००४६९
जि.प्र.का. सिरहा
जारी मिति : २०३६/११/०८

**२. नाम : राम कुमारी देवी**
पतिको नाम : महेन्द्र चौधरी
ससुराको नाम : लक्ष्मी चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : २५१३
जि.प्र.का. सिरहा
जारी मिति : २०४६/०४/०२

**३. नाम : दिपेन्द्र कुमार चौधरी**
बाबुको नाम : महेन्द्र चौधरी
बाजेको नाम : लक्ष्मी चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : १५२०१५/१०८९१
जि.प्र.का. सिरहा
जारी मिति : २०६९/०८/१०

**४. नाम : चन्देश्वर चौधरी**
बाबुको नाम : महेन्द्र चौधरी
बाजेको नाम : लक्ष्मी चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : १५३०१७/४५६
जि.प्र.का. सिरहा
जारी मिति : २०६३/१०/२३

**५. नाम : ज्योति देवी चौधरी**
पतिको नाम : दुर्गानन्द चौधरी
ससुराको नाम : महेन्द्र चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : १५२०१७/४८६
जि.प्र.का. सिरहा
जारी मिति : २०६८/०१/०८

**६. नाम : बबिता कुमारी**
पतिको नाम : चन्देश्वर चौधरी
ससुराको नाम : महेन्द्र चौधरी
ठेगाना : भगवानपुर - ४, सिरहा
हाल : भगवानपुर - १, सिरहा
ना.प्र.प.नं. : १५२०१७/३२८
जि.प्र.का. सिरहा
जारी मिति : २०६७/१०/१९

**धितोको विवरण**

राम कुमारी देवीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको भगवानपुर - ४, सिरहा स्थित कित्ता नं. ३०० र ६२० को क्षेत्रफल क्रमशः ०-१-६-० र ०-१-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १६. नाम : प्रमोद कुमार सिंह दनुवार
बाबुको नाम : रामलोचन सिंह, बाजेको नाम : पलट सिंह
ठेगाना : लक्ष्मीपुर पतारी - १, सिरहा, हाल : लक्ष्मीपुर पतारी - ४, सिरहा
ना.प्र.प.नं. : ९२७/१२०७, जि.प्र.का. सिरहा, जारी मिति : २०४७/०१/१०
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : प्रमोद कुमार सिंह दनुवार**
बाबुको नाम : रामलोचन सिंह
बाजेको नाम : पलट सिंह
ठेगाना : लक्ष्मीपुर पतारी - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ४, सिरहा
ना.प्र.प.नं. : ९२७/१२०७
जि.प्र.का. सिरहा
जारी मिति : २०४७/०१/१०

**२. नाम : मिना कुमारी**
पतिको नाम : प्रमोद कुमार सिंह दनुवार
ससुराको नाम : रामलोचन सिंह
ठेगाना : लक्ष्मीपुर पतारी - १, सिरहा
हाल : लक्ष्मीपुर पतारी - ४, सिरहा
ना.प्र.प.नं. : ५०३०३३०१
जि.प्र.का. सिरहा
जारी मिति : २०६०/०३/१३

**धितोको विवरण**

प्रमोद कुमार सिंह दनुवारको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको लक्ष्मीपुर प्र.ध. - १, सिरहा स्थित कित्ता नं. १७० को क्षेत्रफल ०-२-१०-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**ऋणीको विवरण**

### १७. नाम : कृषनन्दन फल फुल नर्सरी
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट
दर्ता नं. : ४४२५/२२४, दर्ता मिति : २०७१/११/०६
रजिष्टर्ड कार्यालय : गौर ,रौतहट
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : नन्द किशोर राम**
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : नन्द किशोर राम**
बाबुको नाम : ब्रहम्देव महरा चमार
बाजेको नाम : दिपलाल महरा चमार
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : २८२०, जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/२८

**२. नाम : रुनवा देवी**
पतिको नाम : बन्हु महरा चमार
ससुराको नाम : दिपलाल महरा चमार
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : २८१९, जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/२८

**३. नाम : ब्रहम्देव महरा चमार**
बाबुको नाम : दिपलाल महरा चमार
बाजेको नाम : बद्री महरा
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : ६७०
जि.प्र.का. रौतहट
जारी मिति : २०४६/११/१९

**४. नाम : बन्हु महरा चमार**
बाबुको नाम : दिपलाल महरा चमार
बाजेको नाम : बद्री महरा
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : २७९-३३०
जि.प्र.का. रौतहट
जारी मिति : २०४४/११/०५

**५. नाम : सोमरीया देवी**
पतिको नाम : ब्रहम्देव महरा चमार
ससुराको नाम : दिपलाल महरा चमार
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : २८०६
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/२७

**६. नाम : नगीना देवी**
पतिको नाम : नन्द किशोर राम
ससुराको नाम : ब्रहम्देव महरा चमार
ठेगाना : विर्ती प्रटोका - ५, रौतहट
हाल : कटहरीया - ३, रौतहट
ना.प्र.प.नं. : ३२१०६६/३००८
जि.प्र.का. रौतहट
जारी मिति : २०६६/११/२७०

**धितोको विवरण**

बन्हु महरा चमारको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको विर्ती प्रटोका - ६ र ७, रौतहट स्थित कित्ता नं. ८४६ र २६२ को क्षेत्रफल क्रमशः ०-४-११ र ०-१-३ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

(बाँकी पृष्ठ ६ मा)

# प्रविधि विकास र प्राकृतिक समस्या समाधान प्रयासमा सन् २०२४ को भूमिका



काठमाण्डु । सन् २०२४ मा अव्यवस्थाका शक्तिहरू बलियो हुँदै जाँदा यो वर्ष विश्व मञ्चमा एक कठिन वर्ष भएको छ । भूराजनीतिक प्रतिस्पर्धा बढ्दै गएका छन् । विगतदेखि जारी युद्धहरू शान्त हुन सकेका छैनन् । सन् २०२४ को ग्रीष्मकालीन ओलम्पिक र पारालिम्पिक्स विश्वको सुन्दर सहर पेरिसमा सम्पन्न भएको छ । सन् २०२४ ले दिएका उपलब्धि र पाठले सन् २०२५ सबैका लागि प्रेरणाको वर्ष हुनेछ । विश्व जगत्ले विगतदेखि जारी राखेका सकारात्मक कामले सन् २०२५ र त्यसपछिका वर्षमा पनि निरन्तरता पाउनुपर्छ र विश्व विकासको कदमले सार्थकता पाउनुपर्छ ।

सन् २०२५ ले युद्ध र हिंसाजस्ता मानवीय व्यभिचारका कारण उत्पन्न दुर्भावनालाई नियन्त्रण गर्नेछ र जलवायु परिवर्तनसँगै निम्तिएका खडेरी, अनावृष्टि, अल्पवृष्टि, अतिवृष्टि र यसका कारण हुने मरूभूमिकरण, बाढी र पहिरोजस्ता प्राकृतिक विपत्ति न्यूनीकरण र नियन्त्रणमा विश्वले सहकार्य गर्नेछ । मानवीय गतिविधिले निम्त्याउने रोग तथा महामारीजन्य विपत्तिलाई आधुनिक विज्ञानको आविष्कार र सहयोगमा परास्त गर्दै हामीलाई यस प्रकृतिको अनुपम उपहार यस पवित्र धर्तीमा निर्भिकताका साथ बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्नेछ ।सन् २०२४ को अन्त्यसँगै वर्षभरि प्रविधि विकास र प्राकृतिक समस्या समाधान प्रयासमा भएका प्रमुख गतिविधि र घटनालाई सम्झिनु सन् २०२४ को बिदाइका लागि सान्दर्भिक हुनेछ ।

**अन्तरिक्ष दौड**

सन् २०२४ मा अन्तरिक्षको दौडले विगतमा जस्तै निरन्तरता पाएको छ । सन् २०२४ मा अन्तरिक्ष अन्वेषणमा जापानले जनवरीमा चन्द्रमाको क्रेटरमा स्लिम (स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेसन द मुन) अवतरण गरी तीन महिनासम्म पृथ्वीमा तथ्याङ्क प्रेषित गर्न सफल भयो ।

चीनको एउटा अन्तरीक्ष अभियानले चन्द्रमाको सबैभन्दा टाढाबाट माटोको नमूना लिएर फिर्ता भयो। चीनले अहिलेसम्म कोही पनि नपुगेको चन्द्रमाको सुदूर क्षेत्रमा आफ्नो अन्तरिक्षयान अवतरण गरेको हो । मे ३ मा प्रक्षेपण गरिएको चाङ्ग-अ सिक्स नाम दिइएको चिनियाँ अभियानले चन्द्रमाको 'क्रेटर' अर्थात् विशाल खाडलमा रहेका पुराना चट्टान र माटो सङ्कलन गरेको हो । नासाको पर्सिभेरेन्स रोभरले मङ्गल ग्रहमा सूक्ष्मजीवी (माइक्रोबियल) जीवनको सम्भावित प्रमाण फेला पारेको छ।

यो वर्ष ईयू-जापान अन्तरिक्ष अभियानले बुध ग्रहको दक्षिणी ध्रुवको तस्वीर लिन सफल भएको छ । स्पेसएक्सले 'चपस्टिक आर्म्स' को साथ 'रिटर्निंग बूस्टर रकेट'हरू कब्जा गर्नका लागि एक नयाँ प्रविधिको आविष्कार गरेको छ । त्यसैगरी, बोइङको स्टारलाइनर परियोजनाले जुनमा दुई अन्तरिक्ष यात्रीलाई अन्तर र्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा पठाएको थियो । उनीहरू त्यहाँ दुई महिनाका लागि बस्ने भनिएको भए पनि प्राविधिक समस्याले उनीहरू फिर्ता हुन ढिलाइ भएको छ । अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा फसेका दुई अन्तरिक्षयात्रीलाई पृथ्वीमा फर्काउने 'स्पेसएक्स मिसन'को 'ड्र्यागन क्याप्सुल' इनटरनेसनल स्पेस स्टेसन (आइएसएस)सँग जोडिएको छ।

'ड्र्यागन क्याप्सुल'ले आइएसएससँग जोडिएपछि नासाका अन्तरिक्ष यात्री निक हेग र रुसी अन्तरिक्षयात्री अलेक्जेन्डर गोर्बुनोभ फेब्रुअरीमा अन्तरिक्ष स्टेसनबाट फर्किँदा उनीहरूले अन्तरिक्षविद् विलियम्स र बुच विल्मोरलाई फिर्ता ल्याउनेछन् ।दुर्भाग्यको कुरा, अन्तरिक्ष पनि केवल व्यावसायिक र वैज्ञानिक प्रतिस्पर्धाको विषय बन्न थालेको छ । यो प्रकृतिमाथिको हस्तक्षेप हो । यो नयाँ भूराजनीतिक प्रतिस्पर्धाको कारण निम्तिएको परिणाम हो ।

अमेरिकी अधिकारीहरूले गत मे महिनामा रूसले अन्तरिक्षमा रहेको 'एन्टी स्याटेलाइट' हतियार अन्तरिक्षमा राखेको आरोप लगाएका थिए । यसैबीच चीनले अन्तरिक्षमा रहेका सैन्य उपग्रहको सङ्ख्यामा व्यापक वृद्धि गरेको छ। अन्तरिक्ष सञ्चालनलाई नियन्त्रण गर्ने केही अन्तर्राष्ट्रिय सम्झौताहरूले अन्तरिक्षको सैन्यीकरणलाई रोक्न खासै केही गर्दैन । संयुक्त राज्य अमेरिकाले देशहरूलाई 'आर्टेमिस सम्झौता'मा हस्ताक्षर गर्न आग्रह गरिरहेको छ, जसले अन्तरिक्ष अन्वेषणको सैन्यीकरणलाई रोक्न चाहन्छ। यो सम्झौतामा अहिलेसम्म ५२ देशले हस्ताक्षर गरेका छन् तर यो सूचीमा चीन, रूसलगायतका अमेरिका इतर मुलुकहरू समावेश छैनन् ।

> सन् २०२४ मा अन्तरिक्षको दौडले विगतमा जस्तै निरन्तरता पाएको छ । सन् २०२४ मा अन्तरिक्ष अन्वेषणमा जापानले जनवरीमा चन्द्रमाको क्रेटरमा स्लिम (स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेसन द मुन) अवतरण गरी तीन महिनासम्म पृथ्वीमा तथ्याङ्क प्रेषित गर्न सफल भयो ।

**एआईको विकास**

नेपालीमा कृत्रिम बौद्धिकता भनिने आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा विकासहरू आश्चर्यजनक तथ्य सङ्कलनका लागि बृहत् फड्को त हो नै सँगसँगै यो चिन्ताको पनि विषय हो । एआई क्रान्तिले विज्ञानका कथालाई तथ्यमा बदलिरहेको छ । हालको एआई प्रगतिहरूको सूची प्रभावशाली छ, उनीहरूको व्यावहारिक अनुप्रयोगहरू छन् । एआईको प्रयोग आनुवंशिक अवस्थाको विश्लेषण गर्न, स्वास्थ्य सेवासुधार गर्न, उत्पादन क्षमता सिर्जना गर्न र अन्य धेरैका लागि प्रयोग भइरहेको छ।

नोबेल पुरस्कार समितिले जोन हपफिल्ड र जियोफ्रे हिन्टनलाई 'कृत्रिम तन्त्रिका सञ्जालको मेशिनबाट जानकारी प्राप्त गर्ने वा गणना गर्न सक्षम आधारभूत खोज र आविष्कारहरूको लागि' र रसायन शास्त्रमा नोबेल पुरस्कारको आधा हिस्सा डेमिस हसाबिस र जोन जम्परलाई ' प्रोटिनकको स्ट्रक्चरल प्रेडिक्सन' का लागि एआई मोडेल विकास गरेको तथ्यबाट एआईको महत्त्वले आधिकारिक मान्यता प्राप्त गरेको छ।

पुरस्कारको आधा हिस्सा नितान्त नयाँ प्रकारको 'प्रोटिन'को विकास गरेका डेभिड बेकरले प्राप्त गर्नुभएको थियो भने बाँकी आधा 'प्रोटिन'को जटिल ढाँचालाई एआईको मद्दतले मापन गर्ने मोडेल विकास गरेका जम्पर र हसाबिसले पाउनुभएको थियो। सबै विकशित प्रविधिहरूमा कुन देश अगाडि छ भनेर विशेषज्ञहरूले बहस गर्छन् । प्रायजसो उपायहरूले संयुक्त राज्य अमेरिका 'ठूलो अन्तरले अघि बढेको' देखाउँछ तथापि, चीन एआई अनुसन्धान प्रकाशनहरूको अनाधिकारिक सङ्ख्याका लागि विश्वव्यापीरूपमा अग्रस्थानमा रहेको देखिन्छ।

हरेक आकांक्षी एआईको शक्तिले सामना गर्ने एउटा सीमा भनेको दक्ष कामदारहरूको उपलब्धता हो । अर्को अवरोध भनेको बिजुली र पानीको उपलब्धता हो। एआई मोडेलका उपकरणका लागि ठूलो मात्रामा इन्धन शक्तिको आवश्यकता पर्दछ जसले सधैँ चिसो रहिरहन आवश्यक वातावरणमा ताप उत्पन्न गर्दछ र वातावरणीय सन्तुलनका प्रभाव पार्दछ।

एआई क्षेत्रमा प्रवेशको उच्च लागत समानताका विषयमा चिन्ताको एक कारण हो एआई विकासमा देखिएको होडबाजीले धनी र गरीब देशहरू बीचको खाडललाई अझ फराकिलो बनाउनेछ । आर्टिफिसियल इन्टेलिजेन्सलाई कसरी नियमन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ । समग्रमा सम्झौता गर्ने कुरा एउटा जटिल अभ्यास हुनेछ।

**जलवायु परिवर्तन**

जलवायु परिवर्तनका कारण तापमान वृद्धि हुने क्रम जारी छ। यसका लागि प्रकृतिमा मानवीय अतिक्रमणलाई नै प्रमुख जिम्मेवार मानिएको छ। जीवाश्म इन्धनको हाम्रो व्यवहारले सम्भवतः स्थायी रूपमा जलवायुलाई परिवर्तन गर्ने तथ्यलाई वैज्ञानिकहरूले दशकौँदेखि चेतावनी दिइरहेका छन्। आधुनिक अभ्यासका लागि वैज्ञानिक आविष्कार नै पनि यसमा जिम्मेवार छन्। तथ्यहरूले उल्लेखित दावीहरूलाई पुष्टि गर्छन्।

वायुमण्डलमा कार्बन डाइअक्साइडको स्तर निरन्तर बढिरहेको छ र सन् २०२४ रेकर्डमा सबैभन्दा तातो वर्षको रूपमा स्थापित भएको छ। सन् २०१५ को पेरिस सम्झौताले विश्वलाई स्थायी रूपमा तापक्रमको उच्चस्तर नाघ्नबाट जोगाउने प्रयास गरेको सन्दर्भमा जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रूपमा घटाउने कुरालाई आत्मसात गरेको थियो । सम्झौताले विश्वव्यापी औसत तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि दुई डिग्री सेल्सियसभन्दा तल कायम राख्ने र तापक्रममा हुने वृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सीमित राख्न प्रयास गर्ने जनाएको छ।

बदलिँदो जलवायुका केही परिणामहरू सजिलै देख्न सकिन्छ। अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले सन् २०२४ को पहिलो १० महिनामा संयुक्त राज्य अमेरिकामा २४ वटा मौसमसम्बन्धी प्राकृतिक प्रकोप उत्पन्न भएको र यसबाट कम्तीमा एक अर्ब अमेरिकी डलरबराबरको क्षति भएको जनाएको छ। दक्षिण अमेरिकाको उत्तरी क्षेत्रमा खडेरीका कारण विश्वको सबैभन्दा ठूलो नदी प्रणाली अमेजनको केही भाग सुकेको छ। वातावरणीय परिवर्तनहरू क्रमिक रूपमा हुने गर्छन् जलवायु परिवर्तनका धेरै परिणामहरू देख्न गाह्रो छ। समुद्रको तातो पानी सोस्ने स्रोतहरूमा हस्तक्षेप भएको छ तर यसको परिणाम देख्ने गरी जानकारीमा आउन निकै समय लाग्न सक्छ।

जलवायुसम्बन्धी वार्षिक अन्तर्राष्ट्रिय सम्मेलन कोप २९ ले विकासशील देशहरूलाई उत्सर्जन कटौती र जलवायु अनुकूलनका लागि आर्थिक सहयोग गर्न सामान्य प्रगति गरेको छ । वैज्ञानिकहरूले जलवायु परिवर्तनको प्रभावलाई कम गर्न र हरित अर्थव्यवस्थामा सङ्क्रमणलाई छिटो गर्न डिजाइन गरिएका विभिन्न प्रविधिहरूमा प्रगति गरेका छन् । तथापि, तिनीहरूको सफलता धेरै कम र ढिलो हुन सक्छ।

# महाअभियोग लगाइएका दक्षिण कोरियाली राष्ट्रपति युनविरुद्ध पक्राउ पुर्जी जारी

एएफपी

सियोल । दक्षिण कोरियाली अदालतले महाअभियोग लगाइएका निलम्बित राष्ट्रपति युन सुक येओल विरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

अनुसन्धानकर्ताहरूका अनुसार यो पक्राउ पुर्जी देशमा सैन्य शासन लागू गर्ने उहाँको छोटो प्रयासको सम्बन्धमा जारी गरिएको हो ।युनले यस महिना नागरिक शासनलाई केही समयका लागि निलम्बन गर्नुभयो। यसले दक्षिण कोरियालाई दशकौंको सबैभन्दा खराब राजनीतिक सङ्कटमा धकेलेको थियो । उहाँको उक्त कार्यलाई लिएर संसद्ले उहाँलाई राष्ट्रपतिको जिम्मेवारीबाट हटायो तर महाभियोग पुष्टि गर्ने कि नगर्ने संवैधानिक अदालतको फैसला विचाराधीन छ।

"संयुक्त अनुसन्धान मुख्यालयले अनुरोध गरेबमोजिम राष्ट्रपति युन सुक येओलका लागि पक्राउ पुर्जी र खानतलासी पुर्जी आज बिहान जारी गरिएको छ", संयुक्त अनुसन्धान मुख्यालयले एक विज्ञप्तिमा भनेको छ ।दक्षिणपन्थी नेता युनले विद्रोहको आपराधिक आरोपको सामना गरिरहनुभएको छ।

यसको परिणाम आजीवन कारावास वा मृत्युदण्डसमेत हुनसक्छ ।निलम्बित राष्ट्रपति तेस्रो पटक सोधपुछका लागि उपस्थित हुन असफल भएपछि अनुसन्धानकर्ताहरूले सोमबार पक्राउ पुर्जीको माग गरेका थिए । "व्यक्तिले न्यायोचित कारणहरू बिना समनको पालना गर्न अस्वीकार गर्नसक्ने चिन्ताका कारण पक्राउ पुर्जी जारी गरिएको हो र त्यहाँ अपराध भएको शङ्का गर्न पर्याप्त सम्भावित कारण छ", युनलाई प्रहरी चौकी वा सियोल हिरासत केन्द्रमा राख्न सकिने जानकारी दिँदै भ्रष्टाचार अनुसन्धान कार्यालय (सिआइओ) का एक अधिकारीले मङ्गलबार पत्रकार सम्मेलनमा भन्नुभयो, "पक्राउ पुर्जी जनवरी ६ सम्म मान्य छ।"

युनका वकिलले अनुसन्धानकर्ताहरूसँग राष्ट्रपतिको जाँच गर्ने अधिकार नभएको बताउँदै महाअभियोग लगाइएका राष्ट्रपतिको पक्राउ पुर्जीलाई 'गैरकानूनी र अमान्य' भनेका छन् ।रासस

# व्यक्तिगत लगानीमा क्रिकेट प्रशिक्षण सञ्चालन गर्दै कीर्तिपुर एकेडेमी

पथरी। एकाबिहानै मोरङको पथरी शनिश्चरे-७ स्थित कीर्तिपुरमा जनकल्याण माविको मैदानमा पुग्ने हो भने विद्यार्थी ब्याट र बलसँग रमाइरहेका हुन्छन् । जाडोको समय एकाबिहानै झिसमिसेमा उनीहरुको अभ्यासले ठुल्ठुलो आवाज आउँछ । विद्यालयको मैदानमा भेला भएका उनीमध्ये कोही शारीरिक अभ्यासमा ब्यस्त हुन्छन् त कोही बलिङ र ब्याटिङमा ।

मैदानमा विद्यार्थीसँगै वरिपरि दौडिएर 'फिल्डिङ'को अभ्यास गरिरहेका हुन्छन् राकेश राई। उहाँले विद्यार्थीलाई नेतृत्व गरिरहेका हुन्छन्। प्रशिक्षक राईको सपना छ पथरी शनिश्चरेबाट राष्ट्रिय खेलाडी उत्पादन गर्ने । क्रिकेट खेलमै जीवन बिताएका उनको सपनालाई साथ दिए कीर्तिपुर एकेडेमीका निर्देशक पुकार राईले । पुकार र राकेशको क्रिकेटप्रतिको लगावका कारण मोरङले प्रधानमन्त्री कप महिला लिगका लागि दुई खेलाडी पाएको छ।

दुई युवाले आफ्नै लगानीमा सुरु गरेको क्रिकेट प्रशिक्षणले विस्तारै गति लिँदै आएको छ। एकेडेमीले सुरु गरेको क्रिकेट प्रशिक्षणमा ४० भन्दा बढी विद्यार्थी नियमित प्रशिक्षण गर्दै आएका छन्। दश वर्षदेखि १६ वर्षसम्मका १८ बालिका २२ बालकलाई नियमित प्रशिक्षणमा सहभागी रहेका एकेडेमीका निर्देशक पुकार बताउनुहुन्छ। नियमित प्रशिक्षण गराइरहेको एकेडेमीले राष्ट्रियस्तरमा महिला क्रिकेट खेलाडी उत्पादनमा ठूलो सहयोग पुर्याउँदै आएको छ।

क्रिकेट र फुटबल खेलाडी उत्पादन गर्दै आएको कीर्तिपुरले जन्माएको खेलाडी हुन सरु लिम्बू । राष्ट्रिय महिला फुटबल खेलाडी उनी अहिले अन्तर र्राष्ट्रियस्तरमा ख्यातिप्राप्त फुटबल खेलाडी हुन् । महिला फुटबलको नियमित सदस्य उनी सशस्त्र प्रहरी क्लबमा आबद्ध भएकी छिन् । फुटबलमात्र खेलाडी उत्पादन गरिराखेको कीर्तिपुरले अब अन्तर र्राष्ट्रिय क्रिकेट खेलाडी उत्पादन गर्न महिला क्रिकेट प्रशिक्षण सुरु गरेको छ । सरुजस्तै खेलाडीको उद्गमस्थल हो कीर्तिपुर ।

पछिल्लोपटक प्रधानमन्त्री कप महिला क्रिकेटका लागि एकेडेमीका दुई जना खेलाडी मोरङ जिल्लाको बन्द प्रशिक्षणमा राखिएको छ । प्रशिक्षक राकेश भन्नुहुन्छ, "मोरङले प्रधानमन्त्री कप महिला लिगका लागि बन्द प्रशिक्षणमा उक्त एकेडेमीका स्मारिका गौतम र शुभेक्षा लिम्बूलाई बन्द प्रशिक्षणमा रहनु भनेको हाम्रो सफलता हो ।"

कीर्तिपुरको अभ्याससस्थलमा नियमित क्रिकेट अभ्यास गर्न पुगेका बालबालिका निकै फूर्तिका साथ खेलमैदानमा उत्रन्छन् ।


| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १८. | **नाम : राजेश कुमार पटेल**<br>बाबुको नाम : रामरेख राउत, बाजेको नाम : बतहु राउत<br>ठेगाना : संग्रामपुर - ७, रौतहट, हाल : गढीमाई - ४, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०९२/२२६, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/११/१३<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : रामरेख राउत**<br>बाबुको नाम : बतहु राउत<br>बाजेको नाम : फौदार राउत कुर्मी<br>ठेगाना : संग्रामपुर - ७, रौतहट<br>हाल : गढीमाई - ४, रौतहट<br>ना.प्र.प.नं. : १३३०/१६४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४३/०४/१९ | **२. नाम : मुकेश कुमार पटेल**<br>बाबुको नाम : रामरेख राउत<br>बाजेको नाम : बतहु राउत<br>ठेगाना : संग्रामपुर - ७, रौतहट<br>हाल : गढीमाई - ४, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७१-०१९१६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/०३/३० |
| | **३. नाम : सुमिरा देवी**<br>पतिको नाम : राजेश कुमार पटेल<br>ससुराको नाम: रिमरेख राउत<br>ठेगाना : संग्रामपुर - ७, रौतहट<br>हाल : गढीमाई - ४, रौतहट<br>ना.प्र.प.नं. : ३२-०६-७४-०११७६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०४/२७ | **४. नाम : धनजोगीया देवी**<br>पतिको नाम : रामरेख राउत<br>ससुराको नाम: बतहु राउत<br>ठेगाना : संग्रामपुर - ७, रौतहट<br>हाल : गढीमाई - ४, रौतहट<br>ना.प्र.प.नं. : १०७१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/१३ |
| | **धितोको विवरण** | |
| | रामरेख राउतको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको संग्रामपुर - ९, रौतहट स्थित कित्ता नं. ८००, ८०१, ६७६ र ५८५ को क्षेत्रफल क्रमशः ०-०-१७, ०-०-१६, ०-०-९½ र ०-२-१० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| १९. | **नाम : महेश राय यादव**<br>बाबुको नाम : सोहराई राय यादव, बाजेको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट, हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-३-७२/३६, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०२/२७<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मुकेश राय यादव**<br>बाबुको नाम : सोहराई राय यादव<br>बाजेको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट<br>हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७६-०१३०१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०२/०९ | **२. नाम : सोहराई राय यादव**<br>बाबुको नाम : भुखल राय यादव<br>बाजेको नाम : भुजन राय<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट<br>हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं. : १४३४-६९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/११/२१ |
| | **३. नाम : फुली देवी**<br>पतिको नाम : सोहराई राय यादव, ससुराको नाम : भुखल राय यादव<br>ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट हाल : देवाही गोनाही - ७, रौतहट<br>ना.प्र.प.नं.:४३५३/१८५१/५६९, जि.प्र.का. रौतहट<br>जारी मिति :२०४५/०२/१६ | |
| | **धितोको विवरण** | |
| | सोहराई राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता रहेको प्रेमपुर गोनाही - ६, रौतहट स्थित कित्ता नं. ५३४ र १०४ को क्षेत्रफल क्रमशः ०-२-० र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २०. | **नाम : चन्दन सहनी किराना पसल**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर, रौतहट<br>दर्ता नं. : ५६८६/४३५/९, दर्ता मिति : २०७४/०९/२०<br>रजिष्टर्ड कार्यालय : गौर, रौतहट<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : मिश्रीलाल सहनी, शाखा कार्यालय : . गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : मिश्रीलाल सहनी**<br>बाबुको नाम : हिरदेव सहनी मलाह<br>बाजेको नाम : ग्यानचन सहनी<br>ठेगाना : समनपुर - १, रौतहट<br>हाल : गढीमाइ - १, रौतहट<br>ना.प्र.प.नं. : ५५४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/०४/३२ | **२. नाम : उषा देवी**<br>पतिको नाम : मिश्रीलाल सहनी<br>ससुराको नाम : हिरदेव सहनी मलाह<br>ठेगाना : समनपुर - १, रौतहट<br>हाल : गढीमाइ - १, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०८९/१४११<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१५ |
| | **धितोको विवरण** | |
| | १. मिश्रीलाल सहनीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको समनपुर - २, रौतहट स्थित कित्ता नं. २२५ को क्षेत्रफल ०-०-१ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. उषा देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको समनपुर - २, रौतहट स्थित कित्ता नं. २२२ को क्षेत्रफल ०-०-४-४ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २१. | **नाम : इन्द्रजित किराना जेनरल स्टोर**<br>दर्ता नं. : ४८७९/२०७२/०७३, दर्ता मिति : २०७२/११/१४<br>रजिष्टर्ड कार्यालय : प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वतावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : इन्दु कुमारी मण्डल, शाखा कार्यालय : लहान** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : इन्दु कुमारी मण्डल**<br>पतिको नाम : देव नारायण मण्डल<br>ससुराको नाम : राम शरण मण्डल<br>ठेगाना : भदैया -२, सिरहा<br>हाल : लहान -१८, सिरहा<br>ना.प्र.प.नं. : १५३००४/६९६<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/११/१८ | **२. नाम : देव नारायण मण्डल**<br>बाबुको नाम : राम शरण मण्डल<br>बाजेको नाम : विहारी मण्डल<br>ठेगाना : भदैया -२, सिरहा<br>हाल : लहान -१८, सिरहा<br>ना.प्र.प.नं. : ११७०२७८५/स.सि.न.१४५९<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०५२/०८/२४ |
| | **धितोको विवरण** | |
| | इन्दु कुमारी मण्डलको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको भदैया -५, सिरहा स्थित कित्ता नं. ५०९ र ८७६ को क्षेत्रफल क्रमशः ०-३-०-० र ०-०-११६-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २२. | **नाम : हरि नारायण चौधरी**<br>बाबुको नाम : देव लाल चौधरी, बाजेको नाम : राम चन्द्र चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा, हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १०५२/४०४/१, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/१२/१०, **शाखा कार्यालय : लहान** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : राम कुमारी चौधरी**<br>पतिको नाम : हरि नारायण चौधरी<br>ससुराको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : स.सि.२८०४/६७४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/१२/१० | **२. नाम : रणधिर कुमार चौधरी**<br>बाबुको नाम : हरि नारायण चौधरी<br>बाजेको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/१२७४<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६६/०६/२५ |
| | **३. नाम : दिनेश कुमार चौधरी**<br>बाबुको नाम : हरि नारायण चौधरी<br>बाजेको नाम : देव लाल चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/२९२७<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०६७/०५/१८ | **४. नाम : सुनिता देवी चौधरी**<br>पतिको नाम : रणधिर कुमार चौधरी<br>ससुराको नाम : हरि नारायण चौधरी<br>ठेगाना : मौवाही -३, सिरहा<br>हाल : सखुवानन्कारकट्टी -१, सिरहा<br>ना.प्र.प.नं. : १५२०३६/२४७०५<br>जि.प्र.का. सिरहा<br>जारी मिति : २०७३/१०/०६ |
| | **धितोको विवरण** | |
| | राम कुमारी चौधरीको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता रहेको सिग्राही मटियर्वा -५, सिरहा स्थित कित्ता नं. ६२१ को क्षेत्रफल ०-०-१५-० (विघा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २३. | **नाम : मनोज दास**<br>बाबुको नाम : राम सेवक दास कथवनिया, बाजेको नाम: राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट, हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ४५७, जि.प्र.का. रौतहट, जारी मिति : २०६०/०४/३२<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : किरन देवी**<br>पतिको नाम : मनोज दास<br>ससुराको नाम : राम सेवक दास कथवनिया<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०८९/१२६९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१४ | **२. नाम : श्रीपतीदेवी वनियाइनी**<br>पतिको नाम : राम सेवक दास कथवनिया<br>ससुराको नाम : राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३४३३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/०३ |
| | **३. नाम : लाल बाबु कु. दास**<br>बाबुको नाम : राम सेवक दास कथवनिया<br>बाजेको नाम : राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३०८९/४४१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०१/२२ | **४. नाम : राम सेवक दास कथवनिया**<br>बाबुको नाम : राम वृक्ष दास<br>बाजेको नाम : मिठु दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३४३८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/३० |
| | **धितोको विवरण** | |
| | मनोज दासको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको समनपुर - २ रौतहट स्थित कित्ता नं. १७७ को क्षेत्रफल ०-०-१२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २४. | **नाम : रौनक बेगम मत्सय फर्म**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर, रौतहट<br>दर्ता नं. : ४८६५/१८, दर्ता मिति : २०७३/०४/१२<br>रजिष्टर्ड कार्यालय : गौर, रौतहट<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : शेख हुसनैन, शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : शेख हुसनैन**<br>बाबुको नाम : शेष मोकदम<br>बाजेको नाम : शेख एनुल<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५५/०५/०७ | **२. नाम : गुलफन खातुन**<br>पतिको नाम : शेख हुसनैन<br>ससुराको नाम : शेष मोकदम<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट<br>हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८३/४७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०९/०७ |
| | **३. नाम : शेख अप्सर एमाम**<br>बाबुको नाम : शेख हुसनैन, बाजेको नाम: शेष मोकदम<br>ठेगाना : रधुनाथपुर - ४, रौतहट, हाल : गरुडा - ९, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८३/५००, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०७/१९ | |
| | **धितोको विवरण** | |
| | शेख हुसनैनको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको रधुनाथपुर रौतहट स्थित कित्ता नं. १०४८, १०१४ र १०४६ को क्षेत्रफल क्रमशः ०-०-८-८, ०-०-१२-८ र ०-०-४-१२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| २५. | **नाम : कमल राउत भेडीहर**<br>बाबुको नाम : गोपी राउत भेडीहर<br>बाजेको नाम : सोनफी राउत भेडीहर<br>ठेगाना : धर्मपुर - ३, रौतहट<br>हाल : गढीमाई - ७, रौतहट<br>ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/०५/०९<br>**शाखा कार्यालय : गरुडा** | **नाम : गायत्री देवी**<br>पतिको नाम : कमल राउत भेडीहर<br>ससुराको नाम: गोपी राउत भेडीहर<br>ठेगाना : धर्मपुर - ३, रौतहट<br>हाल : गढीमाई - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७६-०४९०३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/०६/०६ |
| | **धितोको विवरण** | |
| | कमल राउत भेडीहरको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको धर्मपुर - ७ क, रौतहट स्थित कित्ता नं. ५०८ को क्षेत्रफल ०-०-७ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# गोलभेँडा बेचेर वार्षिक सात लाख मुनाफा

दाङ। यहाँको घोराही उपमहानगरपालिका-१२ हापुरका जयबहादुर रोकाको बारीमा यतिबेला लटरम्मै टमाटर पाकेको छ। बारीबाटै टमाटर बिक्री गर्न भ्याइनभ्याइ छ। विगत तीन वर्षदेखि व्यावसायिक टमाटरखेती गर्दै आउनुभएका रोका व्यवसायप्रति सन्तुष्ट हुनुहुन्छ।

भाउ पाएको समयमा उत्पादन गर्न सके टमाटरबाट राम्रो आम्दानी हुने उहाँ बताउनहुन्छ। "यस वर्ष समयमै उत्पादन गरेकाले वार्षिक रु सात लाख बचत गर्न सफल हुनुभएको छ।

वार्षिक रु १८ लाखको टमाटर बिक्री गरे पनि मल, बीउ, कामदार, जग्गा भाडालगायत सबै खर्च कटाएर त्यति बचत हुने गरेको उहाँको भनाइ छ। "१० जनालाई रोजगारी दिएको छु", रोकाले भन्नुभयो, "पहिले रोल्पामा पनि कृषि व्यवसाय गरेको थिएँ तर सडकको अवस्थाका कारण बजारीकरणमा समस्या थियो।"

मङ्सिरसम्म थोकमा



बजारको समस्या छैन", उहाँले भन्नुभयो, "यही खेतीलाई निरन्तरता दिने सोचमा छु।" रोल्पा रुन्टिगढी गाउँपालिका-७ बाट यहाँ बसाइँ सरी आउनुभएका रोकाले रोल्पाकै एक सामुदायिक विद्यालयमा सात वर्ष कर्मचारीका रुपमा काम गर्नुभयो।

उहाँ १० वर्ष वैदेशिक रोजगारीमा मलेसिया बसेर फर्किनुभएको हो। हाल उहाँ टमाटर बिक्री गरेरै खर्च कटाएर प्रतिकिलो रु ५० का दरले बिक्री गरेको र हाल भाउ घट्दै गएको उहाँले बताउनुभयो। उहाँले तीन बिघा जग्गा भाडामा लिएर टमाटरखेती गर्नुभएको छ। आफ्नो १२ कट्ठा मात्रै जग्गा भएकाले बाँकी जमिन भाडामा लिएको उहाँले बताउनुभयो। जग्गाको वार्षिक भाडा रु ९८ हजार तिर्ने गर्नुभएको छ। परिवारमा आठ सदस्य छन् ।रासस

# बसाइँसराइलाई रोक्दै सुन्तलाखेती

म्याग्दी । बेनी नगरपालिका-३ मरेकका पदमबहादुर खत्री २१ वर्षअघि भारतीय गोर्खा सैनिकबाट सेवा निवृत्त भएर घर फर्कँदा सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी र सुविधाको खोजीमा गाउँ छाडेर सहर पस्ने लहर थियो।

सदरमुकाम बेनीमा घर बनाइसकेका उहाँलाई तत्कालीन समयमा गाउँको खेतबारीमा धान, कोदो, मकै लगाउन छाडेर सुन्तलाका बिरुवा रोप्दा छिमेकी र आफन्तले दुःख नगर्न सुझाव दिन्थे। " तत्कालीन कृषि विकास कार्यालयबाट एक हजार पाँच सय सुन्तलाका बिरुवा बोकेर गाउँमा पुग्दा धेरैले लगाउन मान्नुभएन", उहाँले भन्नुभयो, "केही छिमेकीले हामी धान, मकै, कोदो खाने मान्छे हो, कहाँ सुन्तला खाने हो र ? भन्दै प्रश्न पनि गर्नुभयो।"

करिब पाँच सय बोट सुन्तलाका बिरुवा लगाएर खत्रीले आफन्त र छिमेकीलाई एक हजार बिरुवा बाँड्नुभएको थियो। गत वर्ष रु १३ लाखको सुन्तला बेचेका खत्रीले बगैँचामा फलेका तीन सय बोटमध्ये आधा सुन्तला बेच्दा रु १० लाख आम्दानी गरिसक्नुभयो । "बगैँचामा अझै आधा सुन्तला बाँकी छ", उहाँले भन्नुभयो, "यसपालि उत्पादन बढेकाले रु १७ देखि २० लाखसम्मको सुन्तला बिक्री हुने अनुमान गरेको छु।"

उत्तरपूर्व फर्किएको भिरालो पाखामा रहेको मरेकका बासिन्दा दुई दशक अघिसम्म परम्परागत खाद्यबाली खेती गर्दथे । वर्षभरि दुःख गरेर उब्जाएको खाद्यबालीले छ महिना पनि पुग्दैनथ्यो । रोजगारी नहुनेहरू काम र आम्दानीका लागि विदेश र सहरबजार जाने चलन थियो । सुन्तलाखेती हुन थालेपछि मरेकबाट बसाइँसराइ रोकिएको



र विदेशिने क्रम घटेको स्थानीय अगुवा किसान इन्द्रबहादुर थापाले बताउनुभयो।

वर्षमा रु ६० हजार बराबरको १८ मुरी धान फलाउने थापाले १४ रोपनीमा गरेको सुन्तलाखेतीबाट वार्षिक रु १० लाखसम्म आम्दानी हुने बताउनुभयो । तीन वर्ष कतारमा काम गरेर फर्किएका मरेकका ४९ वर्षीय कृष्णबहादुर घर्तीले यसपालि सुन्तला बेचेर रु छ लाख आम्दानी भएको बताउनुभयो । "सुन्तलाखेती गरेपछि घरव्यवहार चलाउन विदेश जानुपरेको छैन", उहाँले भन्नुभयो, "जीवनस्तरमा परिवर्तन ल्याएको छ।" मरेक र बालम गाउँमा २१ घरपरिवारको बसोबास छ । बीस घरले सुन्तलाखेती गरेका छन्। प्रतिघर रु एकदेखि २० लाखसम्म सुन्तलाबाट आम्दानी गर्छन्।

बेनी नगरपालिकाको विकट र दुर्गम बस्ती भए पनि मरेकका घर खाली र जग्गा बाँझो नरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्षसमेत रहेका मरेकका बासिन्दा वीरबहादुर थापाले बताउनुभयो । "बेनीबजारमा घर र व्यवसाय भए पनि सुन्तलाखेतीले गर्दा मैले पनि गाउँ छाड्न सकेको छैन", उहाँले भन्नुभयो, "सुन्तलाखेतीले रोजगारी, आम्दानीको अवसर सृजना गरेकाले मरेकबाट बसाइँसराइ रोकिएको छ ।" बेनीमा फलफूल तथा तरकारी व्यवसाय गर्ने मरेकका काजी थापाले विदेशबाट फर्केपछि गाउँको खेतबारीमा सुन्तलाखेती गरेको बताउनुभयो।

गत वर्ष रु ८० लाखको सुन्तला बिक्री भएको मरेकमा यसपालि उत्पादन दोब्बरले बढेकाले रु एक करोड ५० लाख भित्रिने अनुमान गरिएको हालै त्यहाँको बगैँचा निरीक्षण गरेका कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो। कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र बेनी नगरपालिकाको कृषि शाखाले मरेकमा सुन्तलाखेतीको विस्तारमा सहयोग गर्दै आएका छन्।

अनुदानमा नयाँ बिरुवा वितरण, बगैँचा व्यवस्थापन, साना सिँचाइ कार्यक्रममार्फत किसानलाई सहयोग गरिँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख बास्तोलाले बताउनुभयो। उहाँका अनुसार अनुकूल मौसम, उत्पादन दिने नयाँ बिरुवा थपिएको, दाना झर्ने समस्या कम भएको र फल धेरै लागेकाले जिल्लाभर गत वर्षको तुलनामा एकतिहाइले सुन्तला उत्पादन वृद्धि भएको अनुमान गरिएको छ।

मरेकको छिमेकी छेपारेका बासिन्दाले पनि व्यावसायिक सुन्तलाखेती गर्न थालेका छन् । कच्ची सडकको सुविधा भएको मरेकमा उत्पादन भएको सुन्तलालाई बजारको समस्या छैन । व्यापारीले बगैँचाबाट प्रतिकिलो रु ७५ मा सुन्तला खरिद गरेका छन्। अन्य ठाउँको तुलनामा रसिलो र स्वादिलो भएकाले मरेकका सुन्तला बजारमा सहजै बिक्री हुने व्यापारी राजन तामाङले बताउनुभयो। पोखरा, काठमाडौँ, हेटौँडाको बजारमा यहाँको सुन्तला लैजाने गरिएको उहाँले बताउनुभयो।

मरेकको भिरालो पाखा सुन्तला बगैँचाले भरिएको छ । बगैँचा पहेँलपुर सुन्तलाले रङ्गिएर मनमोहक बनेको छ। बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले साविक भकिम्ली गाविसको मरेक, राखु, हल्लेगौडा र पानीस्वाँरालाई सुन्तलाको पकेट क्षेत्रका रूपमा विकास गरिएको बताउनुभयो।

सुन्तला बजारीकरणका लागि सडक स्तरोन्नति गरेर यातायातलाई सहज बनाउने, सिँचाइ र प्रविधि सहयोगका लागि सङ्घीय तथा प्रदेश सरकारका निकायमा समन्वय तथा पहल गरेको बताउनुभयो । आयआर्जनका लागि गाउँ छाड्नुपर्ने समस्या घटाउन सुन्तलाखेती प्रभावकारी भएको वडाध्यक्ष पुनले बताउनुभयो ।रासस

# कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण : सुल्झिँदै विवाद

सुर्खेत ।कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन अझै निर्माण सम्पन्न हुन सकेको छैन । सम्झौता भएको मितिले २३ असार २०७८ सम्ममा निर्माण पूरा भएर अहिले कर्णालीका अन्य जिल्लामा यो विद्युत् प्रसारण भइसक्ने भए पनि हाल सुर्खेतमै आउन सकेको छैन । रु ७० करोड लागत रहेको आयोजना निर्माणको जिम्मा भारतीय कम्पनी आरएस इन्फ्राप्रोजेक्टसँग २२ असार २०७६ मा सम्झौता गरिएको थियो । बाँके र बार्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा जग्गा प्राप्ति तथा रुख कटानमा समस्या देखिएकामा सो समस्या हल भए पनि बाँकेकै वैजनाथ गाउँपालिका-१ गाभर, बाँनियाभारका स्थानीयवासीले आयोजनाको प्रसारण लाइन निर्माणमा अवरोध गरेपछि कामले गति लिन नपाएको हो। बाँकेमा मात्र ४२ महिनादेखि अवरोध कायम हुँदा काम हुन नसकेको आयोजनाले जनाएको छ।

आयोजनाविरुद्ध गाभर, बाँनियाभारका स्थानीयवासीले उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जमा रिट दायर गरेका थिए । अदालतले नागरिकको प्रत्यक्ष सरोकारसँग जोडिएको विषय भएकाले आवश्यक मुआब्जा दिएर प्रसारण लाइन निर्माण रोक्न नहुने जनाउँदै रिट खारेज गरिदिएको थियो । गाभरमा छ वटा, बाँनियाभारमा तीन वटा गरेर नौ वटा टावर निर्माण हुन बाँकी रहेको छ । उक्त टावरहरु निर्माणस्थलका स्थानीयवासीसँग मुआब्जा दिनका लागि जिल्ला प्रशासन कार्यालय बाँकेले चलनचल्तीको सरकारी दरमा मुआब्जा दिनका लागि समन्वय, सहकार्य गरी गाभरमा



समस्या समाधान भएको छ । बाँनियाभारमा भने अझै समस्या भएको आयोजना प्रमुख रवि चौधरीले जानकारी दिनुभयो।

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले दुवै ठाउँमा समस्या समाधान नजिक रहेको बताउनुभयो । अवरोध भएमा त्यसको हल प्रशासनले गर्नेसमेत उहाँले बताउनुभयो । आयोजना प्रमुख चौधरीका अनुसार बाँनियाभारमा केही अवरोध भएको र तोकिएको मुआब्जा दिन तयार भएको छ।

आयोजना प्रमुख चौधरीका अनुसार टावर निर्माण गरिएको क्षेत्रमा जग्गाको मूल्य २५, २८ र ३२ लाख निर्धारण गरिएको छ । बाँकेको कोहलपुरदेखि सुर्खेतको वीरेन्द्रनगरस्थित सुब्बाकुना सवस्टेसनसम्मको प्रसारण लाइनको दूरी ५२ किलोमिटर छ। कोहलपुर-सुर्खेत सम्म १६१ वटा टावर रहेका छन् । आयोजनाले अहिलेसम्ममा सुर्खेत खण्डमा ३२ किमी क्षेत्रमा टावर निर्माण सकेर तार तानी सकिएको छ।

हर्रे-छिन्चु-सुब्बाकुना र कोहलपुर-चिसापानी सम्म विवादबाहेकका क्षेत्रमा टावर निर्माण भई तार तान्ने काम सम्पन्न भएको प्रमुख चौधरीले बताउनुभयो। चौध किमी हर्रे-बबई-चिसापानी क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्जभित्र रहेको छ। यो क्षेत्रमा रुख कटानको अनुमति पाएलगत्तै धमाधम रुख कटान र टावर निर्माणको काम जारी छ।

अबको दुई महिनाभित्र रुख कटानको काम पूरा हुने लक्ष्य राखिएको छ। निकुञ्जमा ७० वटा टावरमध्ये छ वटा टावर निर्माण गर्न बाँकी रहेको छ।

जेठसम्ममा वीरेन्द्रनगरमा रहेको सबस्टेशनमा विद्युत् चार्ज गर्नेगरी कामलाई तीव्रता दिइएको प्रमुख चौधरीले बताउनुभयो।

आयोजनाको ८० प्रतिशत भौतिक प्रगति भएकोसमेत उहाँले बताउनुभयो । सुर्खेतमा २०४५ सालमा निर्माण भएका संरचनाबाट हालसम्ममा विद्युत् प्रसारण भइरहेको छ। अहिले ३३ केभी प्रसारण लाइनको विद्युत् सुर्खेतलगायत कर्णालीका जिल्लामा सञ्चालनमा रहेको छ ।रासस

# अमेरिकी डलरको भाउ स्थिर, युरो र पाउण्ड स्टर्लिङको भने बढ्यो

काठमाण्डु। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

निर्धारित विनिमयदर अनुसार, अमेरिकी डलरको भाउ स्थिर रहेको छ। युरोपियन युरो, युके पाउण्ड स्टर्लिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानी येन, मलेसियन रिङ्गेट, स्विडीस क्रोनर, डेनिस क्रोनर, कुवेती दिनार, हङ्कङ डलर, कुवेती दिनार, बहराइन दिनारको भने भाउमा वृद्धि भएको छ । यस्तै, बहराइन दिनारको भने भाउ घट्दा केही विदेशी मुद्राको भाउ भने स्थिर छ।



निर्धारित दरअनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ५६ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ १६ पैसा कायम भएको छ।युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ३० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७२ रुपैयाँ नौ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ ८४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ४६ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ १२ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ २३ पैसा र बिक्रीदर ८५ रुपैयाँ ६१ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रुपैयाँ ९९ पैसा र बिक्रीदर ९५ रुपैयाँ ४१ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ७२ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ १७ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ६६ पैसा र बिक्रीदर आठ रुपैयाँ ७० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५३ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६२ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ एक पैसा र बिक्रीदर चार रुपैयाँ तीन पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ १८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ५८ पैसा र बिक्रीदर ३० रुपैयाँ ७२ पैसा निर्धारण भएको छ ।साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ २७ पैसा र बिक्रीदर नौ रुपैयाँ ३१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४२ पैसा र बिक्रीदर १२ रुपैयाँ ४७ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १३ पैसा र बिक्रीदर १९ रुपैयाँ २१ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ ३० पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ २५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६१ रुपैयाँ ९९ पैसा र बिक्रीदर तीन सय ६३ रुपैयाँ ५८ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५४ रुपैयाँ ६८ पैसा र बिक्रीदर तीन सय ५६ रुपैयाँ २४ पैसा तोकिएको छ । त्यसैगरी भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ ।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय मौलापुर रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्बजनिक सूचना

रौतहट साविक गाविस सोनरनिया वार्ड न ३ हाल मौलापुर नपा ८ मा बस्ने विरेन्द्र बैठा र उपेन्द्र बैंठा समेतले जि.रौ.गाविस मर्यादपुर वड़ा न ९ कि.न.४८ को ०-१४-५ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो संयुक्त नाममा नामसारी गर्न द.न.७३९६ मिति २०८१।०१।३१ गतेको माग निवेदन।

मौलापुर न.पा.८ को च.नं. १०३ मिति २०८१/०४/१६ गतेको पत्रबाट जिल्ला रौतहट साविक गाविस सोनरनिया वार्ड नं ३ हाल मौलापुर न.पा ८ मा बस्ने गोरख बैठा धोवी मर्दा हक खाने गंगा बैठा धोबीको नाममा दर्ता कायम रहेको गाविस मर्यादपुर वडा न ९ कि नं४८ को ०-१४-५ को जग्गा गंगा बैठा धोबीको हकभोग, दखल कब्जामारही आएकोमा निज दतांबाला र निजको एकमात्र पत्नी गंगजली देवी धोबीनको आ-आफनो कालगतिले मुत्य भई निजहरुको शेषपछि हकखाने सबभन्दा नजिकको हकदार दुई मात्र छोरा जेठा बिरेन्द्र बैठा र कान्छा उपेन्द्र बैठा रहेकोमा मरुवा गंगा बैठा धोबीको नाम दर्ताको गाविस मर्यादपुर वड़ा नं ९ कि नं ४८ को ०-१४-५को अप्रमाणित जग्गा प्रमाणित गरी छोराहरु बिरेन्द्र बैठा र उपेन्द्र बैठाको संयुक्त नामममा नामसारी गरिदिनहुन सिफारिस भई आएको।

माग जग्गाको मोठ भिडान हुंदा गाविस मर्यादपुर वडा न ९ कि.न. ४८ को ०-१४-५ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम गोरख बैठा धोबी मर्दा हक खाने गंगा बैठा धोबी उल्लेख रही वतनमा सोनरनिया मात्र उल्लेख रहेको। उक्त उल्लेखित जग्गा अप्रमाणित रहेको र गंगा बैठा धोबीको नाममां रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ। उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कायर्यविधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ड बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादवाहेक ३५ दिनभित्र आफनों हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा. नामसारी मै जाने व्यहोरा यसै सुचनाद्वारा जनकारी गराईन्छ।

# राजमार्ग छेउमा मकै पोलेरै जिविका

मोरङ। यहाँको बेलबारी नगरपालिका ११ लक्ष्मीमार्ग घर भएका मेघराज बस्नेतले पाँच वर्षदेखि पूर्व पश्चिम राजमार्गमा पर्ने बेलबारी-८ स्थित चिसाङ खोला छेउमा मकै पोलेर बेच्दै आउनुभएको छ।

मकै पोलेरै पाँचजनाको परिवारको जिविका चलाउँदै आउनुभएका उहाँले भन्नुभयो, "व्यापारको टुङ्गो त हुँदैन, तर औसतमा दैनिक एक हजारदेखि एक हजार पाँच सय सम्म आम्दानी हुन्छ।" उहाँका अनुसार हाल रु २५ प्रतिघोगा किनेको हरियो मकै रु ४० प्रतिघोगाले बिक्री हुन्छ ।बेलबारी-१० भाउन्ने घर भएका रमेश कुँवरले पनि मेघराजले झैँ सोही स्थानमा मकै पोलेर बिक्री गर्दै आउनुभएको छ। घरमै होटल व्यवसाय सञ्चालन गर्नुभएका उहाँले कोरोनाका कारण व्यवसाय ठप्प भएपछि मकै पोलेर बेच्न थाल्नुभएको हो। हाल यो पेसाप्रति सन्तुष्ट रहेको उहाँले बताउनुभयो। कुँवरका अनुसार राजमार्गमा यात्रारत अधिकांशले यहाँ गाडी रोकेका बेला पोलेको मकै किनेर खाने गर्छन्।

कानेपोखरी गाउँपालिका-५ बाट मकै पोल्न आउने गर्नुभएकी ५४ वर्षीया सुस्मिता राईले छोरीको सहयोगमा विगत चार वर्षदेखि मकै पोल्दै आउनुभएको छ। कानेपोखरी-५ की दुर्गा तामाङ पनि दुई वर्षदेखि सोही स्थानमा मकै पोलेर बेच्दै आउनुभएको छ। दैनिक एक सय घोगा पोलेको मकै बिक्री हुने उहाँ बताउनुहुन्छ। जाडोमा मकै पोल्न सजिलो भएपनि गर्मीमा गाह्रो हुने उनीहरु बताउँछन्। यात्रुहरु र सवारी चालकले पनि यहाँ पोलेको मकै देखेपछि गाडी रोकेरै खाने गरेका छन् ।रासस

## सोनमा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### सोनमा, महोतरी

### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०९/१७

यस सोनमा गाउँपालिको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावकारी ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| १. | 20/11/2024 | SRM/NCB/WORKS/01/2081-82, Sonma Ga.Pa.Bitra Khanepani Jadaan,Sonma Ga.Pa.,Mahottari. | Prashant and Nandani Construction and General Suppliers. | 81,08,674.05 | 22,98,000 |

प्रमुख प्रशासकिय अधिकृत

# माँसमदिरा बेच्नेलाई कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम। मुख्यमन्त्री सतीशकुमार सिंहले जनकपुरधाम परिक्रमा सडकभित्र माँसमदिराको उत्पादन, बिक्री र उपभोग निषेधसम्बन्धी प्रावधान पालना नगर्नेलाई कारबाही गर्ने चेतावनी दिएका छन्।

मुख्यमन्त्री सिंहले जनकपुरधाममा मंगलबार जनकपुरधाम परिक्रमा क्षेत्र धार्मिक, सांस्कृतिक परम्परा र गरिमालाई अक्षुण्ण राख्न मांसमदिराको उत्पादन, बिक्री र उपभोग नगर्न जनकपुरधामवासीलाई आह्वान गरे।

जनकपुरधामवासीलाई परिक्रमा सडकभित्र निषेधित व्यवहार नगर्न अनुरोध गर्दै मुख्यमन्त्रीले मांसमदिरा निषेधसम्बन्धी व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न सम्बद्ध निकायलाई आग्रह गरे। नियम पालना नगरे कारबाहीको दायरामा ल्याउनुपर्नेमा पनि उनले बताए।



# मुख्यमन्त्री कार्यालय गेटमै धर्ना

**मधेश प्रदेश सरकारले केही महिनाअघि बनाएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ त्रुटिपूर्ण रहेको र सोही कारण आफूहरू समस्यामा परेको स्थानीय तहका कर्मचारीहरूले विरोधका कार्यक्रमलाई जारी राखेका छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि स्थानीय तहका कर्मचारीहरुले आन्दोलनलाई निरन्तरता दिँदै धर्ना दिएका छन्।

पदस्थापनाको माग गर्दै कर्मचारीहरुले धर्ना दिएका छन् । यसअघि उनीहरुले केही दिन अघि मुख्यमन्त्री कार्यालय तथा मुख्यमन्त्रीको आवासमा धर्ना दिएका थिए।

मधेश प्रदेश सरकारले केही महिनाअघि बनाएको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ त्रुटिपूर्ण रहेको र सोही कारण आफूहरू समस्यामा परेको स्थानीय तहका कर्मचारीहरूले विरोधका कार्यक्रमलाई जारी राखेका छन्।

प्रदेशका स्थानीय सरकारी सेवाका स्थायी कर्मचारीहरूको सरूवा, पदस्थापना तथा स्तरवृद्धिमा ढिलाइका कारण वृद्धि विकास रोकिनुका साथै कर्मचारीमा तनाव उत्पन्न हुन पुगेको धर्नामा सहभागी कर्मचारीले बताएका छन्।

ऐनमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई विभेद गरिएको भन्दै आन्दोलनमा उत्रिन बाध्य भएको सब इन्जिनियर सफल कुमार साहले जानकारी दिए । कर्मचारीका माग पुरा नभएसम्म आन्दोलनबाटपछि नहट्ने उनले बताए।

आन्दोलनरत कर्मचारीहरु संघीय संरचना लागु भएपछि प्रदेश लोक सेवा गठन भइ नसक्दा संघीय लोक सेवा आयोगबाट सबै प्रदेशको लागि एकमुष्ट विज्ञापन गरी परीक्षा लिई सम्बन्धित प्रदेशको स्थानीय तहमा सिफारिस गरेपछि स्थायी नियुक्ति पाएका थिए। नेपालको वर्तमान संविधानको भाग ३ को धारा १७ मा स्वतन्त्रताको हकको व्यवस्था गरिएअनुसार नेपालको जुनसुकै भागमा पेशा र रोजगार गर्ने कुरा उल्लेख रहेको छ । सोहि अनुरुप एक प्रदेशका कर्मचारी अर्को प्रदेशमा २०७६ सालको संघीय लोक सेवा आयोगबाट भएको विज्ञापनमा दरखास्त भरी सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारीहरुले विभिन्न स्थानीय तहबाट दोहोरो सरुवा सहमति लिई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा पटक पटक गरी अन्य प्रदेशबाट एक स्थानीय तह र प्रदेशकै अन्य स्थानीय तहमा अर्को व्यवस्था नभएसम्मको लागि कामकाज गर्न खटाएका थिए।

कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा भएका कर्मचारीहरुको समेत जुन स्थानीय तहमा कामकाज सरुवा वा सरुवा भएको हो सोहि स्थानीय तहमा पदस्थापन गरी तह मिलान, स्तरवृद्धि तथा बढुवाको व्यवस्था मिलाउनुपर्ने माग गर्दै आएका छन्।

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा २५ को उपदफा ११ बमोजिम दोहोरो सहमतिको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाइएको कर्मचारीहरुलाई सोही स्थानीय तहमा पदस्थापन गरिनेछ भन्ने व्यवस्था रहेको र त्यस्तै व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश, पोखरा को च.न. ४७५ को मिति २०७१/०६/२५ गतेको पत्रानुसार समेत गण्डकी प्रदेशमा कामकाजमा आएका कर्मचारीहरुको सम्बन्धित स्थानीय तहमा नै पदस्थापन गरी बढुवा र स्तरवृद्धि गर्ने व्यवस्था गरेको उल्लेख गरिएको छ।



# निजी कलेजमा परीक्षा केन्द्र राखेपछि विद्यार्थी आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम। निजी कलेजमा परीक्षा केन्द्र राखेको विषयलाई लिएर रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले आन्दोलन गरेका छन्।

जनकपुरधामस्थित राराब क्याम्पसका विद्यार्थीहरुले अन्यत्र परीक्षा केन्द्र कायम गरेको भन्दै आन्दोलित भए पछि मंगलबार दिनभरि नै तनावपूर्ण अवस्था रहेको थियो।

यही पुस १७ गतेदेखि स्नातक तहको पहिलो सेमेस्टरको परीक्षा हुँदैछ। सोही तहमा राराबमा अध्ययनरत केही विद्यार्थीको परीक्षा केन्द्र राराबमा राखिएको र केही विद्यार्थीको परीक्षा केन्द्र अन्य कलेजमा राखेको विषयलाई लिएर विद्यार्थीहरु आन्दोलित भए । आन्दोलित विद्यार्थीहरु क्याम्पस प्रशासन कक्षमा तालाबन्दी गरेका थिए।

राराब क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनका सभापति मनिष यादवले राराबमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा केन्द्र पहिलेदेखि नै होम सेन्टर रहँदै आए पनि केन्द्रीय कार्यालयले परीक्षा केन्द्र सम्बन्धी गलत निर्णय गरेको भन्दै विज्ञप्ति जारी गरी जनाएको छ।

स्ववियु सभापति यादवले राराब क्याम्पसको परीक्षा केन्द्र जनकपुरधामको तीन वटा निजी कलेजमा तोकेको जानकारी दिए।



# तीन छात्राले गरे विष सेवन, एकको मृत्यु

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बर्दिवास नगरपालिकामा तीन जना छात्राले विष सेवन गरेपछि एकजनाको मृत्यु भएको छ।

निर्मल लामा बहुप्राविधिक शिक्षालयका एकसाथ विष सेवन गरेका सिरहाको धनगढी नगरपालिका १० का १७ वर्षीया छात्रा रिंकु शर्माको मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ।

शर्मालाई मंगलबार बिहान बर्दिवासस्थित इलाका प्रहरीले पौने १२ बजेतिर बर्दिवास ४ स्थित जंगली क्षेत्रबाट अचेत अवस्थामा उद्धार गरी बर्दिवास अस्पताल पुर्‍याएको थियो । अस्पतालका डा. रोशन अधिकारीले अस्पताल पुर्‍याउनु अघि उनको मृत्यु भइसकेको जनाए।

रिंकुका साथै विष सेवन गरेका उषा पण्डित र सञ्जु यादवको बर्दिवासस्थित शुभ स्वस्तिक अस्पतालमा उपचार भइरहेको जनाइएको छ। दुवै छात्राको अवस्था सामान्य रहेको अस्पतालका डा. उदय दिवाकरले बताए।

शिक्षालयका प्रशासकीय अधिकृत दाबा योञ्जनले विष सेवन गरेका तीनै जना जियोमेट्री (अमिन) विषयको प्रथम वर्षका छात्रा रहेको बताए।

विष सेवन गर्नुपर्ने एकिन कारण खुल्न सकेको छैन । तर एकजना छात्राको टेस्ट परीक्षा बिग्रेको पीडामा विष सेवन गरेको प्रारम्भिक सोधपुछबाट खुलेको छ । शिक्षालयले केही दिनअघि लिएको टेस्टमा मृतक रिंकुको फिजिक्सको पेपर बिग्रिएका कारण विष सेवन गरेको अस्पतालमा भर्ना भएकी सञ्जुले बताइन्।

सोमबार विदाको दिन भएकाले तीनै जना छात्रा पुस्तक किन्न बर्दिवास बजार गएका थिए । पुस्तक किनेपछि रिंकुले लुकेर विष पनि किनेको अस्पतालमा उपचार गराइरहेका उषा र सञ्जुको बयानबाट खुलेको छ।

बर्दिवासबाट खयरमारा फर्किने क्रममा जंगली क्षेत्रमा पुगेर रिंकुले पहिले आधा सिसी विष सेवन गरिन् । रिंकुको करकापमा परेर आफूहरूले पनि एक एक बिर्को सेवन गरेपछि त्यसपछि के भयो थाहा नभएको दुवै छात्राले बताइन्।

रिंकुले विष सेवन गरेपछि 'म त मरिहाल्छु साथै नमरे तिमीहरूलाई प्रहरीले पक्राउ गरी जेल हाल्छ' भनेपछि डराएर बाध्य भएर एक/एक बिर्को विष सेवन गरेको सञ्जुले बयान दिइन् । बर्दिवास प्रहरीका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले घटनाबारे थप विवरण संकलन र छानबिन भइरहेको बताइन्।



# एनपीएल विजेता टोली छिन्नमस्ता्का सम्मानसहित पुरस्कार

**टुडे समाचारदाता**

राजविराज । नेपालमा पहिलो पटक आयोजना गरीएको नेपाल प्रिमियर लिग (एनपीएल) का विजेता टोली जनकपुर बोल्ट्स मंगलबार सप्तरीको छिन्नमस्ता गाउँपालिका आइपुगेका छन्।

सप्तरीको राजविराजमा नगरपालिकाद्वारा स्वागत तथा सम्मान गरिएको टोलीका खेलाडीहरु मंगलबार प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरमा पूजा अर्चना गरेका थिए।

छिन्नमस्ताका गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, उपाध्यक्ष राजुदेवी यादव, मन्दिरका पीठाधिश महाकान्त ठाकुरका साथै ठूलो संख्यामा सर्वसाधारण उपस्थित भएका थिए।

सो अवसरमा गाउँपालिका अध्यक्ष चौधरीले विजेता टोलीलाई नगद १ लाख ५ हजार रुपैयाँसहित दोसल्ला र मिथिला पागबाट सम्मान गरे । टिम प्रबन्धक उत्सव सिग्देल तथा कप्तान ललित राजवंशीलाई उनले सो रकमको चेक हस्तान्तरण गरेका थिए।

सो अवसरमा अध्यक्ष चौधरीले एनपीएलको प्रथम आयोजनामै ट्रफी हात पार्न सफल जनकपुर बोल्ट्स टिमलाई बधाई दिँदै विजेता टोलीलाई स्वागत गर्न पाउनु छिन्नमस्तावासीका लागि गर्वको कुरा भएको बताए। उनले नेपाल प्रिमयर लिगले क्रिकेट खेलको विकासका साथै युवाहरुलाई प्रेरणा, राष्ट्रिय एकता तथा सकारात्मक बाटोमा हिड्ने प्रेरणा र उर्जा समेत प्रदान गरेको बताए । खेलाडीहरुको स्वागत र सम्मानमा बाजागाजा सहित पुगेको स्थानीयले भव्य स्वागत सहित मन्दिर परिक्रमा गराएका थिए।

जनकपुर बोल्ट्सले हालै काठमाण्डुमा सम्पन्न प्रथम एनपीएलको फाइनलमा सुदुरपश्चिम टिमलाई ५ विकेटले पराजित गर्दै उपाधि कब्जा गरेको थियो। सोही खुशियालीमा विजेता टिम अहिले विजयोत्सव मनाउन मधेश प्रदेशका आठै जिल्लामा ट्रफी परेडमा निकालेको थियो।



# नगरपालिकालाई थाहा नै नदिइ शैक्षिक भ्रमण

**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजार नगरपालिकामा रहेको एक सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीहरु एक साताका लागि भ्रमण गरेका छन्। सो भ्रमण विद्यायल बन्द गरी गरेपछि विद्यार्थीहरु अध्ययनबाट वञ्चित भएका थिए।

गोलबजार नगरपालिका वडा नम्बर ८ स्थित चोहर्वामा रहेको जनता नमुना माध्यमिक विद्यालयका शिक्षक र कर्मचारी भ्रमणमा निस्किएपछि ६ दिन विद्यालयको पठनपाठन नै बन्द गरेका थिए। गत हप्ता पुस १० मा विद्यालयको पठनपाठन नै बन्द गरेर भ्रमणमा निस्केका थिए।

वडाध्यक्ष देवनारायण महतोको अगुवाईमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकुमार महतो, प्रधानाध्यापक ब्रह्मदेव सिंहसहित विद्यालयका ३० जना शिक्षक र कर्मचारी भ्रमणमा गएका थिए।

गोलबजार नगरपालिकाका शिक्षा शाखा प्रमुख सुवोध लामाले विद्यालय बन्द गरेर शिक्षकहरू भ्रमणमा गएको विषय आफूलाई जानकारी नभएको बताए।

उनले भने, 'उहाँहरू भ्रमणमा गएको कुरो शिक्षा शाखा र नगरपालिकामा कुनै जानकारी छैन,' उनले भने, 'बिनाजानकारी भ्रमणमा गएका शिक्षक र कर्मचारीमाथि कारबाही हुन्छ।'

यता, प्रधानाध्यापक सिंहले भने नगरपालिकालाई जानकारी गराएरै भ्रमणमा निस्किएको बताए। 'विद्यालय व्यवस्थापन समितिको निर्णय गरेरै भ्रमणमा गएका हौं,' उनले भने। उनले भ्रमणबाट आफूहरू फर्किसकेको र मंगलबारबाट विद्यालय खुलेको बताए।

यस विद्यालयमा झन्डै एक हजार विद्यार्थी अध्ययनरत रहेका छन्।




# आँखा चिकित्सकमाथि दुर्व्यवहार आधा दर्जन पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा प्रहरीले आँखा चिकित्सकमाथि दुर्व्यवहार आधा दर्जन युवकहरुलाई पक्राउ गरेको छ।

पर्सागढी नगरपालिका-३ स्थित झबराहामा तिलगंगा आँखा प्रतिष्ठानका चिकित्सकहरुसंग दुर्व्यवहार गरेको आरोपमा युवकहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

चिकित्सक टोलीले चर्को आवाज कम गर्न आग्रह गर्दा मदिरा सेवनले धुत भएका युवकहरुले दुर्व्यवहार गरेको थियो । उनीहरुको दुर्व्यवहारको उजुरी पर्सा प्रहरीमा दर्ता गराएपछि प्रहरीले युवाहरुलाई समातेर कारबाही गरी प्रक्रिया अघि बढाएको छ।

युवकहरुको आक्रमणका कारण सिंगापुर निवासी ३५ वर्षीय विदेशी चिकित्सक वांग स्टिनको खुट्टामा सामान्य चोट लागेको छ । यस्तै अर्का नेपाली चिकित्सक नवीन सापकोटाको आँखा र गालामा चोट लागेको आंखा सिविर आयोजकद्वारा जनाइएको छ।

घटनामा संलग्न वीरगञ्ज महानगरपालिका-१० का २४ वर्षीय अभिषेक गुप्ता, २७ वर्षीय सार्थक सर्राफ, २४ वर्षीय रोहित साह, २७ वर्षीय विजय रञ्जन, २९ वर्षीय सुमन श्रीवास्तव र २४ वर्षीय विधान कर्णलाई प्रहरीले पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका व्यक्तिहरूमाथि अदालतबाट पाँच दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जानकारी दिएको छ । पर्सागढीमा सञ्चालित आँखा शिविरको व्यवस्थापनमा खलल पुर्‍याउने यो घटनाप्रति स्थानीय प्रशासनले कडा ध्यान दिएको र दोषीमाथि कानुनबमोजिम कारबाही हुने जनाइएको छ।

# पर्यटक लोभ्याउने पोखरिया ताल

**टुडे समाचारदाता**

जनकपुरधाम। पर्यटक लोभ्याउने स्थलको रुपमा धनुषाको ढल्केवरस्थित पोखरिया तालमा इस्वी संवतको नयाँ वर्ष २०२५ को अवसमा पिकनिक स्पोटसहित घुम्न आउने पर्यटकीयका लागि रमणीय स्थलको रुपमा सुविधासम्पन्न स्थल रहेको छ।

पोखरिया संरक्षण समितिले पर्यटकको बढ्दो उपस्थिति ध्यानमा राख्दै मिथिला सागर संरक्षण समितिले मिथिला सागर क्षेत्रको सौन्दर्यकरण, सरसफाइ, खानेपानी, विद्युतीयकरण र सुरक्षा व्यवस्थापन गरेको छ।



मधेश प्रदेशमा पर्यटकीय स्थलको रुपमा धनुषा, महोत्तरी, सर्लाही, सिरहा, बारा, पर्सा, रौतहट क्षेत्रका आन्तरिक पर्यटक र छिमेकी मुलुक भारतीय सीमावर्ती क्षेत्र जयनगर, मधुवनी, सीतामढीलगायत क्षेत्रबाट पनि पर्यटकहरु वनभोज तथा घुमघामका लागि आउने गरेका छन्।

नयाँ वर्षको शुभकामना आदानप्रदान गर्न तथा सामूहिक रूपमा पिकनिक खाँदै रमाइलो गर्न पर्यटकहरू पोखरिया तालमा आउने गरेको पोखरिया ताल संरक्षण समितिका सचिव रामबाबु कडारीले बताए। उनले पर्यटकको रमाइलोका लागि यसपालि डुंगा, घोडा सवारी, झोलुंगेलगायत साधन थप गरिएको उनले बताए।

ढल्केवरबाट तीन किलोमिटर उत्तरमा पर्ने पोखरिया ताल पर्दछ। हरियाली वनले घेरिएको तराईको आकर्षक पर्यटकीय गन्तव्य रहेको छ । पोखरी दमार सामुदायिक वन क्षेत्रमा रहेको सो ताल सात विघा क्षेत्रमा फैलिएको छ भने सागरको बीच भागमा उत्तेश्वर महादेवको मन्दिरले तालको महत्व अझ बढाएको छ।

यसैगरी अंग्रेजी नयाँ वर्ष मनाउन जनकपुरधाममा भारतीय पर्यटकको घुइँचो लाग्ने गरेको छ। भगवानको र पूजापाठ गरेर नयाँ वर्षको सुरुवात सुखमय होस् भन्ने अभिलाषाका साथ जनकपुरधाममा भारतीय पर्यटक आउने गरेका छन् । धनुषा र महोत्तरीको विभिन्न नाकाबाट भारतीय पर्यटक अत्यधिक रुपमा पोखरिया ताल घुमघाम गर्छन्।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८